# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २०८ | काठमाडौं | मंगलबार, १२ मंसिर २०८० | Prabhab National Daily | Tuesday, November 28, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## शशांकलाई लाइन दिँदै देउवा !



- धेरै समयपछि राजनीतिक तीर्थमा निस्केका देउवाको साथमा पूर्वमहामन्त्री डा. शशांक कोइराला थिए । सम्मेलनमा कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला पनि पुग्ने प्रचार थियो । तर उनी भने पुगेनन्
- सम्बोधनका क्रममा देउवाले धर्मनिरपेक्षताबारे भने, 'धर्मनिरपेक्ष भनेका छन् । कोही के भनिरहेका छन् । यसबारेमा सल्लाह गर्न सकिन्छ ।'
- धर्मनिरपेक्ष हुनै सक्दैन भनेर कांग्रेस मुद्दा उठाउँदै आएका नेता हुन् डा. शशांक । उनले पटक–पटक यस विषयमा आफ्नो मत प्रकट गर्दै आएका छन् । 'धर्म निरपेक्ष हुँदैन । न धर्म सापेक्ष हुन्छ । धर्म त स्वतन्त्र हुन्छ,' शशांक भन्छन् ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा हत्तपत्त बोल्दैनन् । बोलेपछि थोरै बोल्छन्, त्यो पनि महत्त्वपूर्ण विषयमात्र । पछिल्ला दिनहरूमा व्यवस्थाप्रति जनआक्रोश बढ्दो छ । यस विषयमा सत्ताधारी दलका नेतादेखि प्रधानमन्त्री पुष्पकमल दाहालले पटक–पटक गणतन्त्रबारे प्रस्टीकरण दिँदा पनि देउवा मौन नै रहे ।

यद्यपि सोमबार नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको दलदलेमा नेपाली कांग्रेस नवलपुरको प्रथम जिल्ला सम्मेलनलाई सम्बोधन गर्न पुग्दा भने उनी बोल्न बाध्य बने । सोमबार बिहानै चितवनस्थित भरतपुर विमानस्थलमा पत्रकारहरूले उनलाई पछिल्लो अवस्थाबारे बोल्न कर गरेका थिए ।

गणतन्त्रको विरोध भइरहेको छ । दुर्गा प्रसाईंतर्फ इंगित गर्दै एउटै व्यक्तिबाट राजनीतिक दलहरू अत्तालिएका हुन् ? भनी सञ्चारकर्मीले सोध्दा देउवाले भने, 'को अत्तालियो ? हामी अत्तालिएका छैनौं ।'

'राजा आउने कुरा भइरहेको छ नि ?' सञ्चारकर्मीले फेरि सोधेपछि देउवाले भने, 'मैले भनिसके त गणतन्त्रको विकल्प छैन भनेर । भन्न त पाइहाल्छ नि यार ।'

सडक तताइरहेकै छ नि जनताले ? प्रश्नको जवाफ फर्काउँदै देउवाले हाँस्दै भने, 'तपाईंले देख्नुभयो होला, मैले देखिनँ ।'

'कांग्रेसको सभापति बोल्नुभएन भन्ने कुरा छ नि ?' अर्को प्रश्नमा देउवाको जवाफ थियो, 'तपाईंले के–के लेख्नुहुन्छ मलाई के थाहा यार । मैले बोलिहालें नि ।'

(बाँकी पष्ठ २ मा)

# गैरजिम्मेवार सांसद, अटेरी सरकार



संसद् बस्दा समिति चलाउन नसक्ने र संसद् नबस्दा सांसदहरु बाहिर जाने हुँदा समस्या हुने गरेको छ ।

**भानुभक्त जोशी**
सभापति, शिक्षा समिति



संसद् नहुँदा त सांसदहरु राजधानीमा बस्नुहुन्न । समितिको बैठकमा सांसदहरु नआउँदा कोरम पुग्दैन ।

**रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था समिति



*फाइल तस्बिर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** संसदीय समितिका सभापतिहरूले सांसदहरूको गैरजिम्मेवारीपूर्ण भूमिकाबारे असन्तुष्टि पोखेका छन् । उनीहरूले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेसँग यस्तो असन्तुष्टि पोखेका हुन् । सभापतिहरूका अनुसार समिति बैठकमा सबै सांसद आउँदैनन् । बैठकमा कोरम (गणपूरक संख्या) पुऱ्याउनै समस्या हुने गरेको छ ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति भानुभक्त जोशीका अनुसार संसद् बैठक भएको दिन र नभएको दिन पनि समिति बैठक राख्न अप्ठ्यारो हुने गरेको छ । 'संसद् बस्दा समिति चलाउन नसक्ने । संसद् नबस्दा सांसदहरू बाहिर जाने हुन्छ,' सभामुख घिमिरेले सोमबार संसद् सचिवालय सिंहदरबारमा बोलाएको बैठकमा सभापति जोशीले भने, 'यसो हुँदा कोरम पुऱ्याउन समस्या हुने गरेको छ ।'

उक्त समितिमा कांग्रेस सहमहामन्त्री बद्री पाण्डे, डा. चन्द्र भण्डारी, एमाले सचिव छविलाल विश्वकर्मा, माओवादी सचिव देवेन्द्र पौडेललगायतका सांसदहरू छन् । तर, समिति बैठकमा सांसदहरू नआउँदा बैठक बस्न हम्मेहम्मे परेको सभापति जोशीले बताए ।

बैठक बस्न कोरमको समस्या अन्य संसदीय समितिलाई पनि छ । राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले संसद् बैठक नबस्दा सांसदहरू राजधानीमा नहुने गरेको बताए । आवश्यक पर्दा जहिलेसुकै बस्नुपर्ने समिति बैठकमा सांसदहरूकै कारण बैठक बस्ने र विधेयकहरूमाथि दफावार छलफल गर्न समस्या देखिएको उनको भनाइ छ ।

'समितिको बैठक संसद् नबस्दा राख्न गाह्रो हुन्छ । संसद् नहुँदा त सांसदहरू राजधानीमा बस्नुहुन्न,' उनी भन्छन्, 'सांसदहरू नआउँदा कोरम पुग्दैन । यसो हुँदा समितिमा भएका विधेयक र समसामयिक विषयमा पर्याप्त छलफल चलाउन सकिएको छैन ।'

खतिवडा सभापति भएको राज्य व्यवस्था समितिमा दलका प्रभावशाली नेताहरू छन् । समितिमा कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, माओवादीका प्रमुख सचेतक हितराज पाण्डे, रास्वपा सभापति रवि लामिछाने, जसपा अध्यक्ष उपेन्द्र यादव, जनमोर्चा अध्यक्ष चित्रबहादुर केसी, राप्रपा उपाध्यक्ष बुद्धिमान तामाङ, नेकपा एकीकृत समाजवादी पार्टीका उपाध्यक्ष राजेन्द्र पाण्डेसहितका सांसदहरू छन् । समिति बैठकमा भने उनीहरू पनि हकिलेकाहीँ मात्र अनुपस्थित हुने गरेका छन् । जसले गर्दा समिति बैठकमा कोरम नपुग्ने समस्या निम्तिने गरेको छ ।

सभामुख घिमिरेसमक्ष संसद्को महिला तथा सामाजिक मामिला समिति सभापति किरणकुमार साहले पनि कोरम नपुग्ने समस्या समितिले झेलिरहेको बताए । उनले प्रभावसँग भने, 'हाम्रो समिति बैठकमा पनि कोरम नपुग्ने समस्या छ । यही समस्या सभामुखलाई थाहा दियौं ।'

संसदीय समितिहरू 'मिनि संसद्'का रूपमा चिनिन्छन् । संसद् बैठक नबसेका बेला पनि समिति बैठक बस्न सक्छ । बैठकले विधेयकहरूमाथि दफावार छलफल गरेर पारित गर्न सक्छ । सरकारलाई आवश्यक निर्देशनसमेत दिन सक्छ । समितिको कार्याधिकार अधिक छ ।

(बाँकी पष्ठ २ मा)

### सरकारप्रति रोष

सभामुख देवराज घिमिरेले संसदीय समितिसभापतिहरूको गुनासो सुनेपछि सरकारप्रति रोष प्रकट गरेका छन् । उनले समिति बजेटमा सरकारले नियन्त्रण गरेको बताए । उनका अनुसार नियमित बाहेकको समयमा संसदीय समितिको बैठक राख्दा कर्मचारीलाई अतिरिक्त सुविधा दिइनुपर्छ । तर, नदिएको गुनासो कर्मचारीहरूको रहेको बताए ।

'कार्यालय समयभन्दा फरक टाइममा संसद् नचलाइकन काम चलाउनुपर्छ है भन्ने अर्थ मन्त्रालय र अर्थमन्त्रीको स्पष्ट आग्रह छ,' उनले बैठकमा भने, 'आग्रहमात्रै होइन, यो त नियन्त्रण नै छ । जसले गर्दा कर्मचारीहरूले बढी समयको सुविधा पाएका छैनन् ।'

समिति बजेटबारे आफूले अर्थमन्त्री डा. प्रकाशशरण महतसँग कुरा गरेको उनले बताए । तर, नसुनेझैं गरेको भन्दै उनले असन्तुष्टि पोखे ।

सन्दर्भः वैदेशिक रोजगार

## बेलायतमा नर्सलाई रोजगारी

# अन्तरवार्ताका लागि ७१ जनामात्रै छानिए



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बेलायतमा रोजगारीका लागि आवेदन दिएका नर्समध्ये ७१ जनाले मात्र अन्तरवार्तामा सहभागी हुने अवसर पाएका छन् । वैदेशिक रोजगार विभागले अनलाइन आवेदन दिएका नर्सहरूमध्ये तोकिएको मापदण्डको आधारमा छनोट गरी अन्तरवार्ताका लागि प्रारम्भिक सूची सार्वजनिक गरेको हो ।

विभागले १०० जना नर्सका लागि अनलाइन आवेदन आह्वान गरे पनि ७१ जनाले मात्रै मापदण्ड पूरा गरेको उल्लेख गरेको छ । बेलायत सरकारसँग भएको जिटुजी (सरकार-सरकारबीच) सम्झौताअनुसार पहिलो चरणमा १०० जना स्वास्थ्यकर्मी (नर्स)को माग भइ आएकोमा आवेदन दिने अन्तिम म्याद (कात्तिक २ गते, १९ अक्टोबर) भित्र ७७१ जनाले आवेदन दिएका थिए ।

दक्ष जनशक्तिको उच्च माग रहेको बेलायतको स्वास्थ्य क्षेत्रमा 'हेल्थ केयर एसिस्टेन्ट'को रूपमा १०० जना नेपाली नर्सलाई पठाउने गरी सरकारले गत साउन ४ गते अर्थात् २० जुलाईबाट आवेदन माग गरेको थियो । छनोटमा परेका नर्सहरूलाई डिसेम्बर ४ देखि ७ तारिखसम्म अन्तरवार्ताका लागि बोलाइएको छ । अन्तरवार्ता लैनचौरस्थित बेलायती राजदूतावासमा हुने विभागले जनाएको छ ।

नर्सका लागि तोकिएको कडा मापदण्डका कारण आवेदन दिनेमध्ये थोरैले मात्र पूरा कागजात पेस गर्न सफल भएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'अनलाइन आवेदन दिएका नर्सहरूलाई मापदण्ड पूरा गर्न छुट भएका कागजात पुनः पेस गर्ने अवसर दिइए पनि पूरा गर्न नसकेका कारण ७१ जनामात्रै अन्तरवार्ताका लागि छनोट भएका हुन्,' उनले भने ।

दुई देशबीचको श्रम समझदारीअनुसार बेलायत जान चाहने नर्सहरूले अंग्रेजी भाषा परीक्षण आइइएलटिएसमा न्यूनतम सात अंक र अक्युपेसनल इङ्गिलस टेस्ट (ओइटी)मा 'बी' ल्याएको प्रमाणपत्र पेस गर्नुपर्ने छ । यसको अलवा आवेदन दिने नर्सहरूले नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको र दुई वर्ष कार्यअनुभव रहेको प्रमाणपत्र अनिवार्य बुझाउनुपर्ने प्रावधान छ । सोहीअनुसार आवेदन दिने नर्सहरूले कागजात पूरा गर्न नसक्दा माग संख्याभन्दा थोरैमात्र अन्तरवार्ताका लागि छनोट भएको बताइएको छ ।

माग संख्याभन्दा पनि कम आवेदन परेका कारण अन्तरवार्ताका लागि छनोट भएका सबै नर्सले बेलायतमा रोजगारी पाउने सम्भावना देखिएको छ ।

(बाँकी पष्ठ २ मा)

## सिप विल्डिङतर्फको भाषा परीक्षामा ४१ सय जना उत्तीर्ण

**काठमाडौं (प्रस)–** दक्षिण कोरियामा सिप विल्डिङ (पानीजाहज निर्माण)का लागि लैजान लिइएको कोरियाली भाषा परीक्षाको नतिजा सार्वजनिक भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले सोमबार एक सूचना जारी गर्दै एचआरडी सर्भिस कोरियाबाट भाषा परीक्षाको नतिजा प्राप्त भएको जानकारी दिएको हो ।

भाषा परीक्षामा चार हजार ९८ जना उत्तीर्ण भएका छन् । गत असोज १ गतेबाट सुरु भई मंसिर ७ गतेसम्म सञ्चालन गरिएको परीक्षामा ३२ हजार ५०७ जना सहभागी भएको शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । जसमध्ये महिलाको संख्या दुई हजार १५३ रहेको थियो । प्राप्त नतिजाअनुसार भाषा परीक्षा पास गर्नेमा १९७ जना महिला रहेको पनि शाखाले उल्लेख गरेको छ । पहिलो चरणको भाषा परीक्षा पास गरेका परीक्षार्थीहरूले अब सीप परीक्षण र कम्पिटेन्सी टेस्टमा सहभागी हुनुपर्ने छ । यसका लागि पछि सूचना प्रकाशित गरिने शाखाले जनाएको छ ।




# आइपुग्यो थप साढे तीन लाखभन्दा बढी खोप

**काठमाडौं (प्रस)–** कोरोना भाइरसको संक्रमणविरुद्धको थप खोप आएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमण नभए पनि दीर्घरोगी, विदेश जानका लागि अझै पनि केही मानिसलाई खोप आवश्यक भएकाले थप खोप ल्याएको हो ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा. सुरेन्द्र चौरसियाले तीन लाख ७७ हजार फाइजर खोप ल्याइएको जानकारी दिए । उनका अनुसार खोप कोभ्याक्समार्फत बुस्टर डोजका लागि ल्याइएको हो । यसअघि गत मंसिर ८ गते तीन लाख ७३ हजार खोप आएको थियो ।

कोभ्याक्सले कूल सात लाख ५० हजार मात्रा खोप बुस्टर डोजका लागि उपलब्ध गराएको हो । अहिले पनि प्रदेश तहबाट बुस्टर डोजका लागि खोपको माग हुने गरेको छ । ती आएका खोपलाई प्रदेशमा पठाइने छ ।

सरकारले अहिलेसम्म छ करोड ६९ लाख ८३ हजार २७० मात्रा खोप ल्याइसकेको छ । यस्तै नेपालमा अहिलेसम्म कोरोना भाइरस संक्रमणबाट ११ लाख ५७ हजार ५२२ संक्रमित र १२ हजार ३१ जनाको निधन भइसकेको छ ।

# माथिल्ला कक्षामा विद्यार्थीको सिकाइस्तर कमजोर

**काठमाडौं–** शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएका हालसम्मका अधिकांश अध्ययन प्रतिवेदनले तल्ला कक्षाका तुलनामा माथिल्ला कक्षाका उपलब्धि झन् कमजोर रहेको देखाएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको उक्त केन्द्रका अध्ययनले विद्यालय तहका विद्यार्थीको समग्र सिकाइ उपलब्धि निम्सरो देखाएको छ । अध्ययनले कक्षा ३ र ५ को तुलनामा कक्षा ८ मा उपलब्धि कम भएको देखिएको छ ।

गणित र विज्ञान विषयमा उपलब्धि अन्य विषयका तुलनामा झन् कमजोर पनि देखिएको छ। ती अध्ययनले विद्यार्थीको समग्र उपलब्धि कमजोर हुनुलाई विशेष चासो र चिन्ताका साथ उठाएको केन्द्रका महानिर्देशक चन्द्रकान्त भुसालले बताए । उनले विद्यार्थीको ठूलो संख्याको सिकाइस्तर सम्बन्धित कक्षाको तहभन्दा तल तथा अपेक्षित पाठ्यक्रम र प्राप्त पाठ्यक्रमबीचमा ठूलो खाडल देखिएको पाइएको जनाए ।

केन्द्र स्थापनाको १५ वर्षमा हालसम्म १३ वटा राष्ट्रिय उपलब्धि परीक्षण सम्पन्न भइसकेका छन् । 'नेपालका सन्दर्भमा उच्च उपलब्धि हासिल गर्ने समूह अत्यन्त सानो छ । यस्तो कमजोर सिकाइ अवस्थाको खाडललाई कम गर्न विशेष प्रयत्न नभएको अवस्थामा माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने स्वतः सिद्ध छ,' केन्द्रबाट प्रकाशित वार्षिक प्रतिवेदन, २०७९/८० मा भनिएको छ, 'खासगरी भाषिक सीपले ग्रहणशीलता र उत्पादनशीलता दुवै प्रभावित हुन्छन्, फलस्वरूप जुनसुकै विषयको सिकाइ सम्भावनालाई कुण्ठित गर्न सक्छ ।'

प्रतिवेदनले गणितको पाठ्यक्रम तल्लो कक्षाको सिकाइले बन्ने अवधारणाको जगमा निर्मित हुने भएकाले तल्लो खुड्किलामा भर लाग्नेगरी वा बलियोसँग टेक्न नसक्दा माथिल्लो खुड्किलामा चढ्ने तागत कमजोर हुन जाने हुँदा माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष र गम्भीर प्रभाव पार्न सक्ने भनेको छ । यस्तै प्रदेशबीचको सिकाइ उपलब्धि तथा विद्यालय प्रकारअनुसार ठूलो असमानता देखिएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि र सामाजिक-आर्थिक स्थितिबीचको सम्बन्ध महत्त्वपूर्ण रहेको छ ।

प्रतिवेदनले विशेष प्रयत्न हुन नसकेमा सिकाइ विद्यार्थीको उपलब्धि कमजोर हुँदै जाने, पढाइमा रुचि र आत्मविश्वास गुमाउने, असफलतामा पुग्न बाध्य हुने वा बीचैमा कक्षा छाड्ने जस्ता जोखिम देखिने औंल्याएको छ । विद्यार्थीले पढाइ पूरा गरिहाले पनि माथिल्लो कक्षामा आफूले पढ्न पाउने विषय रोज्ने सम्भावना साँघुरो हुने र अन्ततःआफ्ना जीवनका सम्भावना नै कुण्ठित हुनसक्ने जोखिम देखिन्छ ।

केन्द्रले कक्षा, ५, ८ र १० को अंग्रेजी, गणित, नेपाली र विज्ञान गरी चार विषयको विद्यार्थी उपलब्धिको स्तर परीक्षण र अन्य पढाइ र सीपगत परीक्षण गर्दै आएको छ । केन्द्रबाट 'प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण,' विद्यालयको कार्यसम्पादन परीक्षण र विभिन्न निकायबाट सञ्चालित शैक्षिक कार्यक्रमका परीक्षण, सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमअन्तर्गत युनिसेफको आर्थिक सहयोगमा प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर तथा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण हुँदै आएको छ ।

विद्यालयको कार्यसम्पादन परीक्षणमा सरदर ८२ प्रतिशत विद्यालयले ४० अंकको हाराहारी वा ७० अंकसम्म समान्यस्तर हासिल गरेका केन्द्रका महानिर्देशक भुसालले बताए । सरदर १६ प्रतिशत विद्यालयले ९० अंकसम्म प्राप्त गरेर मध्यमस्तरको कार्यसम्पादन गरेका छन्। सरदर दुई प्रतिशत विद्यालयले ४० प्रतिशत अंक प्राप्त गर्न नसकी कमजोरस्तरमा दर्ज भएका उनले जानकारी दिए । उनका अनुसार देशभरमा हालसम्म सात विद्यालयमात्र ९० प्रतिशत वा सोभन्दा बढी प्राप्तांक ल्याई उच्चस्तरको कार्यसम्पादन श्रेणीमा आफूलाई चिनाउन सकेका छन् ।

केन्द्रबाट आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत कार्यक्रम तथा बजेटबाट सम्भव नभएकाले नमूना परीक्षण विधिबाट २८० वटा बालविकास केन्द्र र विद्यालय परीक्षणका लागि छनोट गरिएका थिए । छनोटमा परेका बालविकास केन्द्र इलाम, खोटाङ, मोरङ, सुनसरी, पर्सा, रौतहट, सर्लाही, चितवन, काठमाडौं, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोक, बागलुङ, गोरखा, कास्की, म्याग्दी, नवलपरासी पूर्व, बाँके, दाङ, पाल्पा, रूपन्देही, दैलेख, जाजरकोट, जुम्ला, रूकुम पश्चिम, सुर्खेत, अछाम, बैतडी, डोटी र कैलाली गरी ३० जिल्लाका छन् । ती बालविकास केन्द्रमा परीक्षक प्रत्यक्षरूपमा उपस्थित भई छनोटमा परेका १५ बालबालिकाको विवरण संकलन गरिएको थियो ।

नेपालमा विद्यार्थीको सिकाइ उपलब्धिस्तरको परीक्षण तथा शैक्षिक निकाय एवं शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय सुधार योजना, २०६६-७२ ले अलग्गै निकायको परिकल्पना गरेपछि २०६६ कात्तिकमा सो केन्द्र (इआरओ) को स्थापना भएको हो । *रासस*

पृष्ठ १ बाट क्रमशः

## गैरजिम्मेवार सांसद...

तर, कोरम नपुग्ने र जसले गर्दा समिति बैठक प्रभावित हुने समस्या भोग्नुपरेको सभापतिहरूले बताएका छन् ।

संघीय संसद्मा १३ वटा समिति छन् । सोमबार नौ वटा समिति सभापतिहरू सहभागी थिए । चार समिति सभापति अनुपस्थित भए । सबै समिति शक्तिशाली छन् । तर पनि बैठक बस्नै समस्या समितिहरूलाई रहेको प्रस्टिएको छ ।

एकातिर यसरी बैठक बस्न मुस्किल छ भने अर्कातिर बसेको बैठकपछि समितिले दिएको निर्देशन सरकारले खासै टेर्दैन । समिति सभापतिहरूका अनुसार सरकार अटेरी छ । यसबारे सभामुख घिमिरेसँग आवश्यक पहल गर्नका लागि समिति सभापतिहरूले आग्रह गरेका छन् ।

'देशभर अनुगमन र निरीक्षणमा जान बजेटको अभाव छ । र सरकारले समितिलाई दिएको निर्देशन मान्दैन । यही विषय सभामुखसँग राखें,' सभापति साहले भने ।

उनले आफू नेतृत्वको समितिले धनुषाको नगराइनकी आरती साहको मृत्यु प्रकरणमा छानबिन गर्न सरकारलाई निर्देशन दिएको तर सरकारले निर्देशन कार्यान्वयन गर्न अटेरी गरेको बताए । उनका अनुसार सरकार मूकदर्शक नै बन्ने गरेको छ ।

'सरकार मूकदर्शक भएर बस्यो । कारागारभित्र झडप भएर मृत्यु भएकाहरूलाई छानबिन प्रक्रिया अघि बढाउने विषयमा दिएको निर्देशन कार्यान्वयन अझै भएको छैन,' साह भन्छन् । उनको जस्तै दुःखेसो अन्य समिति सभापतिहरूको छ । समिति बैठकका लागि बजेट अभाव भएको उनीहरूको भनाइ छ ।

हाल प्रतिसमितिलाई वार्षिक १० लाख रूपैयाँ बजेट विनियोजन हुँदै आएको छ । यति रकमले बैठक बस्न नसकिने उनीहरू बताउँछन् । 'सरकारले संसद्लाई अत्यन्त कम बजेट दिएको छ । बजेट कम भएकाले अनुगमन र मूल्यांकन गर्नै नसक्ने स्थिति छ,' सार्वजनिक लेखा सभापति सभापति ऋषिकेश पोखरेलले भने ।

कोरम नपुग्ने र बैठक सञ्चालन खर्च नपुग्ने समस्यामात्रै होइन, कर्मचारीको व्यवस्थापन पनि चुनौतीपूर्ण भएको सभापतिहरूले सभामुखलाई सुनाएका छन् । हाल कायम कार्यालय समय १० बजेदेखि ४ बजे भएकाले त्यसभन्दा अघिपछि बैठक राख्न कर्मचारीहरूकै कारणले असम्भव भएको बताइएको छ ।

## शशांकलाई लाइन...

धेरै समयपछि राजनीतिक तीर्थमा निस्केका देउवाको साथमा पूर्वमहामन्त्री डा. शशांक कोइराला पनि थिए । सम्मेलनमा कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला पनि पुग्ने प्रचार थियो । तर उनी भने पुगेनन् । उक्त सम्मेलनमा डा. शशांक, महामन्त्री गगन थापा पनि देउवाको साथमा पुगे ।

देउवाले आफ्नो सम्बोधनमा कुनै पनि अवस्थामा राजतन्त्र नफर्कने ठोकुवा गरे । 'पूर्वराजा फर्कने कुरा छैन, संविधानसभाले राजा हटाउने निर्णय गरिसकेको छ, कसैले भन्दैमा राजतन्त्र आउनेवाला छैन,' देउवाले भने । सभापति देउवाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै मिलेर लाग्नुपर्नेमा देउवाको जोड रह्यो ।

सम्बोधनका क्रममा देउवाले धर्मनिरपेक्षताको विषयमासमेत आफ्नो भनाइ राखे । 'अरु विषयमा सोच्नुपर्ने भएको छ । धर्मनिरपेक्ष भनेका छन् । कोही के भनिरहेका छन् । यसबारेमा सल्लाह गर्न सकिन्छ,' देउवाले भने ।

धर्मनिरपेक्ष हुनै सक्दैन भनेर कांग्रेस मुद्दा उठाउँदै आएका नेता हुन् डा. शशांक कोइराला । उनले पटक-पटक यस विषयमा आफ्नो मत प्रकट गर्दै आएका छन् । 'धर्म निरपेक्ष हुँदैन । न धर्म सापेक्ष हुन्छ । धर्म त स्वतन्त्र हुन्छ,' शशांक भन्छन् । यसै विषयमा शशांकलाई देउवाले लाइन दिएको हुन सक्ने कतिपयको दाबी पनि छ । शशांक जनमतमार्फत धर्मनिरपेक्ष हटाएर हिन्दू राष्ट्र बनाउने मुद्दाका साथ अघि बढेका नेता हुन् । हिन्दू राष्ट्रबारेको अभिव्यक्ति विवादमा तानिएपछि भने शशांक आफूले त्यस्तो नबोलेको भन्दै पन्छिन्छन् ।

कांग्रेसमा अहिले देउवाको उत्तराधिकारी को बन्ने भन्ने प्रतिस्पर्धा छ । संस्थापनइतरमा थुप्रै नेताहरू सभापति बन्ने लाइनमा निस्कँदा संस्थापनपक्षमा देउवाले कसैलाई पत्याएका छैनन् । संस्थापनइतरमा शेखर र गगनबीचको टसल बढ्दा यो गुट खसै बलियो नहुने बताउँदै आएको छ । यसै सन्दर्भमा देउवाले शशांककै मुद्दामा बोल्नुलाई कांग्रेस वृत्तमा महत्त्वका साथ हेरिएको छ ।

कतिपय कांग्रेसीहरूको दाबी छ- देउवाको अबको उत्तराधिकारी शशांक नै हुन् । हुन पनि शशांकले १४ औं महाधिवेशनमा देउवाको दोस्रो इनिङ्सका लागि मार्ग प्रशस्त गरेका थिए । १३औं महाधिवेशनमा महामन्त्रीमा निर्वाचित शशांक त्यतिबेला देउवाको 'एस म्यान' मात्र बनेको आरोप लाग्ने गर्छ । शशांकसँग देउवाको लगाव र धर्मनिरपेक्षको विषयमा शशांकको लाइन लिँदा देउवा गुटकै नेताहरू भने झस्केको बताइएको छ ।

## अन्तरवार्ताका लागि ७१...

रोजगार भर्ना प्रक्रियालाई पूरा गर्न वैदेशिक रोजगार विभाग र हयाम्सपेयर हस्पिटल (एनएचएस) फाउन्डेसन ट्रस्ट युकेको संयुक्त समन्वय हुने छ ।

त्यस्तै द्विपक्षीय सम्झौताअनुसार भर्ना प्रक्रियामा कुनै पनि व्यक्ति, रोजगारदाता, संघसंस्था वा म्यानपावर कम्पनी वा एजेण्टको सहभागिता निषेध गरिएको छ । रोजगारीका लागि छनोट भएका नर्सहरूले कुनै पनि शुल्क बुझाउनुपर्ने छैन । रोजगारीका लागि बेलायत पुगेका नर्सहरूले तीन महिना तालिम लिएर त्यहाँको नर्सिङ काउन्सिलमा पनि अनिवार्य दर्ता हुनुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै श्रम समझदारीअनुसार स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली नर्सहरूको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने छ । यो प्रक्रियाबाट जाने नर्सहरूको कार्यअवधि पाँच वर्ष रहेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRI-V TECHNOLOGY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२० | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 278513 | चलानी नं. ६०१९८३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 10 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE RUNWAY SALON COMPANY FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति : २०८०/04/३० | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 291027 | चलानी नं.६०२०६२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 10 | 150 | ६५,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 10 | 150 | ६५,१३५ | | | | | | | |
| 3 | Receptionist | 0 | 3 | 150 | ६५,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/१९ मा दर्ता भएको प्रा.लि. नं. २९३३३० को ग्रिन फ्रेस एग्रिकल्चर फार्म प्रा.लि. को मिति २०८०/०८/११ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/१४ मा दर्ता भएको प्रा.लि. नं. २०९६०१ को सहृदय उद्यमशीलता प्रा.लि. को मिति २०८०/०८/११ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

**सोताङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
सोताङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## ठेक्का रद्ध गरिएको सूचना

प्रस्तुत विषयमा यस सोताङ गाउँपालिकाको मिति: २०८०/०७/२५ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको **Sotang Multipurpose Sabha Hall Building** निर्माण कार्यका लागि ठेक्का नं SRM/NCB/02/2080/081 सूचना आह्वान गरि एकोमा विविध कारणले उत्त ठेक्का रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## Re-Invitation for Bids

# Sotang Public Campus

**Sotang, Solukhumbu**
**Khosi Province, Nepal**

## Re-Invitation for Bids No: SPC/NCB/WORKS/01/080-81

**Date of publication: 2080/08/12 (November 28, 2023)**

1. Sotang Public Campus re-invites electronic bids from Nepalese eligible bidders for the Construction of Second and Top Floor on Administrative Building of Sotang Public Campus under National Competitive Bidding procedures as per the details given below.
2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp to obtain further information and inspect the Bidding Documents and download the bidding documents for e-submission. Information in details are provided in bid notice mentioned in bid document.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


| Contract ID | Contract Description | Estimated Amount (Including VAT and P.S.) (Nrs) | Cost of Bid Document (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| SPC/NCB/ WORKS/01 /080-81 | Construction of Second and Top Floor on Administrative Building of Sotang Public Campus | 50,75,185.84 | 3,000.00 | 1,13,000.00 | 120 days from last date of bid submission | 2080/08/27 (December 13, 2023), 12:00 Hrs | 2080/08/27 (December 13, 2023), 14:00 Hrs |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank: Rastriya Banijya Bank Limited**
**Name of Office: Sotang Public Campus**
**Office Account no.: 2020100003289001**

बबरमहलमा जोडियो 'पोलिकन क्रसिङ' लाइट

# यात्रु आफैंले बटन थिचेर ट्राफिक लाइट बाल्न सक्ने



**काठमाडौं (प्रस)–** काठमाडौंको बबरमहलमा पैदलयात्रु आफैंले बटन थिचेर बत्ती बलेपछि बाटो काट्न सकिने ट्राफिक लाइट प्रविधि आजदेखि सञ्चालनमा आएको छ । जिल्ला अदालत अगाडिको सडकमा १० लाख रूपैयाँको लागतमा काठमाडौं महानगरपालिकाले उक्त ट्राफिक लाइट प्रविधि जडान गरेको हो ।

पैदलयात्रु आफैंले बटन थिचेर ट्राफिक लाइट बाल्ने र बाटो काट्न सकिने 'पोलिकन क्रसिङ' भनिने यस प्रकारको ट्राफिक लाइट सोमबारदेखि सञ्चालनमा ल्याइएको काठमाडौं महानगरपालिका ट्राफिक विज्ञ जगत्मान श्रेष्ठले जानकारी दिए । उनका अनुसार यो लाइट थिच्दा सवारीसाधन आइरहेको साइडमा रातो र जेब्राक्रसपट्टि हरियो बत्ती बल्छ ।

एकपटक बटन थिचेपछि ३० सेकेन्डसम्म बत्ती बल्ने र उक्त समय सकिएको दुई मिनेटसम्म पुनःबटन थिच्दा बत्ती नबल्ने सिस्टम सेट गरिएको श्रेष्ठले बताए । उनका अनुसार रातो बत्ती बलेपछि सवारीसाधन रोकिन्छन् र यात्रुले बाटो काट्ने छन् ।

काठमाडौं महानगरपालिकाले बबरमहलमा रहेको जेब्राक्रसको छेउको खम्बामा बटन राखेर 'पोलिकन क्रसिङ लाइट' जडान गरेको छ । यस्तो लाइट यसअघि कालीमाटी चोक, सुन्धारा, भृकुटीमण्डप, सर्वोच्च अदालत र त्रिचन्द्र क्याम्पस अगाडि पनि जडान गरिएकामा मर्मतसम्भार नगरिँदा दिगो हुन नसकेको महानगर कार्यालयले जनाएको छ ।

बबरमहल क्षेत्रमा बाटो काट्ने पैदलयात्रुको संख्या अत्यधिक हुने र दुर्घटनाको जोखिम देखिएकाले सुरुमा यो क्षेत्र रोजिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताए । 'यो कामपाद्वारा आमनागरिकका लागि राखिएको ट्राफिक लाइट हो । यो उपयुक्त छ र यसलाई प्रयोग गर्न नजानेको अवस्थामा दुर्घटना बढ्छ । प्रयोग गर्न जान्दा यसले सूचना देखाउँछ । यसलाई ख्याल गरेर बाटो काट्नुपर्छ,' उनले भने ।

भूकम्पप्रभावितको स्थायी आवास निर्माण कार्यविधि संशोधन

# अनुदानको रकम हातमै दिइने

**काठमाडौं–** भूकम्पप्रभावित घरपरिवारलाई तत्काल अस्थायी आवास निर्माण गर्न बनेको कार्यविधिलाई केही संशोधन गरेर सरलीकृत गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भूकम्पप्रभावित घरपरिवारलाई तत्काल अस्थायी आवास निर्माण गर्न बनाइएको 'भूकम्पप्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०' लाई केही संशोधन गर्दै सरल बनाइएको हो ।

पहिले लाभग्राहीका लागि अस्थायी आवास निर्माणको रकम बैंक खातामा पठाउनुपर्ने अनिवार्य व्यवस्थालाई संशोधन गरेर उक्त रकम हातैमा दिन मिल्नेगरी कार्यविधि संशोधन गरिएको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए । समितिले कात्तिक २६ गते उक्त कार्यविधि स्वीकृत गरेकामा हालैको बैठकले संशोधन गरेर सरलीकृत गरेको उनले बताए ।

'संशोधनले अस्थायी आवास निर्माण कार्यविधिलाई थप सरलीकृत गरी बैंकिङ प्रणालीबाट हुनसक्ने विलम्बलाई घटाइ अनुदान रकम सरल र सुलभ तरिकाले लाभग्राहीको हातमा पुग्ने र आवास निर्माण गर्ने कुरा सुनिश्चत गरेको छ,' खड्काले भने, 'साथै स्थानीय तहलाई थप सुदृढ र जिम्मेवार बनाइएको छ ।'

कार्यविधि कार्यान्वयनका क्रममा प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुख, जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारीलगायतबाट प्राप्त सुझावका आधारमा संशोधान गरिएको उनले बताए । समितिको बैठकले भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक भवन तथा संरचना स्थायीरूपमा तयार नहुँदासम्म अस्थायी संरचना तयार गरी पठनपाठन, स्वास्थ्य सेवा, सरसफाइ तथा खानेपानीलगायत जनतालाई आवश्यक पर्ने सबै सार्वजनिक सेवा सञ्चालन गर्ने/गराउने सम्बन्धमा पनि आवश्यक निर्णय गरेको छ ।

त्यस्तै राहत वितरण, पुनर्निर्माण र पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विभिन्न समयमा तर्जुमा भएका कानुनमा भएका प्रावधानलाई 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' को व्यवस्थासँग एकरूपता हुनेगरी आवश्यक संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको प्रवक्ता खड्काले जानकारी दिए । *रासस*

# निर्वाचन व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुने

काठमाडौं (प्रस)– एसियाका निर्वाचन व्यवस्थापनसम्बन्धी निकाय र संस्थाका उच्चस्तरीय प्रतिनिधिको सहभागितामा यही मंसिर २० र २१ गते काठमाडौंमा दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ ।

निर्वाचन आयोग नेपाल र 'एसियन नेटवर्क फर फ्रि इलेक्सन' को आयोजनामा हुने उक्त छैटौं संस्करणको 'एसियन इलोक्ट्रोल स्टेकहोल्डर फोरम' हुने भएको हो । सम्मेलनको उद्घाटन उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र समापन परराष्ट्रमन्त्री एनपी साउदबाट हुने तय भएको आयोगले जनाएको छ ।

सम्मेलनमा एसिया तथा प्रशान्त क्षेत्रका ४० देशका निर्वाचन व्यवस्थापनसम्बन्धी निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज र निर्वाचनका विभिन्न आयाममा क्रियाशील गैरनाफामूलक तथा प्राज्ञिक संस्थाका २०० भन्दा बढी प्रतिनिधि सहभागी हुने छन् । सम्मेलनको मुख्य नारा 'दिगो लोकतन्त्र निर्माण : निर्वाचनसम्बन्धी अवसर र चुनौतीको सम्बोधन' (बिल्डिङ सस्टेनेबल डेमोक्रेसिसः एड्रेसिङ इलोक्ट्रोल च्यालेन्जेज एण्ड अपर्चुनिटिज) रहेको छ । सम्मेलनमा नेपाललगायत अन्य मुलुकका विज्ञ व्यक्तिबाट सात विषयमा केन्द्रित रही २१ वटा कार्यपत्र प्रस्तुत तथा काठमाडौं घोषणापत्र जारी गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा सोमबार जारी विज्ञप्तिमा जनाइएको छ ।

## Himali Rural Municipality
## Office of the Municipal Executive

**Dhulachaur, Bajura**
**Sudurpaschim Province, Nepal**

### Letter of Intent

**Date of Publication: 2080/08/12**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063, the instruction to bidders, successful in bid under PPMO's E-Procurement portal, IFB No- HRM/NCB/ROAD/01/080/081 Published in Madhyanha Daily on 2080/06/21 (Oct 08, 2023) that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name of the Project | Name of Bidder | Bid Price (Without VAT) |
|---|---|---|---|
| HRM/NCB/ ROAD/01/080/081 | Phaiti -Thati -Lekh Borta - Gyamchu Kusudada- Rugin ROAD Construction Work | Jeshish Construction, Swamikartik-05, Bajura | NRS. 12,73,320 |

**Chief Administrative Officer**

## ककनी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

### ठेक्का स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८०।०८।१२)

मिति २०८०।०५।२७ गते यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुनआएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याटसमेत) |
|---|---|---|---|---|
| 1 | 02/Kakani/ Road/080-081 | Upgrading Of Lamagaun Tinghare Dalit Basti Siudeni Bhimsenthan Rural Road | X-Nirman sewa & Suppliers | 9969580.69 |
| 2 | 03/Kakani/ Road/080-081 | Upgrading Of Sano chitre Manekhaka Gairikharka Kalika Ma.Bi.Dhading Jiwanpur Rural Road | Pandey and Rupakheti Construction and Heavy Equipment | 9121764.3 |
| 3 | 04/Kakani/ Road/080-081 | Upgrading Of Ranipauwa Dhansar Phung Phung jharna Rural Road | Radiants Builders Nepal Pvt Ltd | 7094842.28 |
| 4 | 05/Kakani/ Road/080-081 | Upgrading Of Ranipauwa Phosro Dada Majhuwa Rural Road | X-Nirman sewa & Suppliers | 7417909.52 |

प्रमुख प्रशासकीय अधिकृत

## नाम परिवर्तन सम्बन्धि सूचना

तेस्रो प्रकाशित मिति २०८०/०८/१२

**मिति २०८०/०५/२६ मा साविकको नाम कुमार एडभेन्चर ट्रेक्स एण्ड एक्सपिडीसन प्रा.लि. परिवर्तन भई कल्चर ट्रेल्स नेपाल प्रा.लि. भएको जानकारी गराउँदछु ।**

## सूचना

कामनपा-३१ शान्तिनगरमा बहालमा बस्ने श्री मोहन बोगटी (जक्सन् क्याफे) २ वर्षबाट मेरो घरमा बहालमा बस्दै आउनु भएको र १२ महिना देखिको बहाल रकम नतिरी सटर बन्द राखि सम्पर्कमा नआएको हुदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रै मेरो बाकी बहाल रकम चुक्ता गरि सटर खाली गरिदिनु होला, अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराइन्छ

घर धनी
मखमली मिश्र
कामनपा - ३२, शान्तिनगर
९८१३८८९५३४


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: TAWASUL TRANSPORT — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/०८/११ — चलानी नं.: ६०१९२२७७ — LT. No.: 276620 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Drive/Taxi Driver | 177 | 0 | स. काममा दक्ष | 1600 | ५७,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २०, २१ र २२ गते (6, 7 & 8 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES — License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD ABDULAZIZ MOHAMMED AL-MANA TRANSPORT
पूर्व स्वीकृति मिति २०८०/०५/०१ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ — LT. No. 291150 — चलानी नं. ६०२०६४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 16 | 0 | 1900 | ६७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३ — Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL — शहर : GIURGIU — पुन विज्ञापन
पूर्व स्वीकृति मिति : २०२२/११/३० — पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/२७ — LT. No. 276931 — चलानी नं . ६०१९२५०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver (Female) | 0 | 5 | 600 | ७९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,४३० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 5 | Factory Worker | 20 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 6 | Gardner | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 7 | General Worker | 40 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 8 | Housekeeper | 0 | 10 | 600 | ७९,७८५ | | | | | | | |
| 9 | Nanny | 0 | 5 | 650 | ८६,४३० | | | | | | | |
| 10 | Waiter | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Branch Office Itahari, Sunsari मा मितिः २०८० मंसिर १९/२० गते (5/6 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ROCKET CONTRACTING WLL
पूर्व स्वीकृति मितिः २०८०/०२/१७ — पुन विज्ञापन स्वीकृति मितिः २०८०/०८/११ — LT. No.286911 — चलानी नं.: ६०२०२३२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manager Variety | 1 | 0 | 5000 | १८१,५०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 6 | 0 | 3500 | १२७,०५५ | | | | | | | |
| 3 | Representative | 46 | 0 | 2500 | ९०,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**
P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति २०८०/०१/१२ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ — LT. No. 285287 — चलानी नं. ६०२००७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 100 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले — सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# स्वास्थ्यमन्त्रीलाई पाठ

कुनै बेला दुर्गा प्रसाईं नेकपा एमाले र माओवादी मिलेर बनेका नेकपामा थिए । उनकै बोलीको लहैलहैमा लागेर त्यतिबेला कानुनमन्त्री रहेका एमाले नेता शेरबहादुर तामाङले रुँदै सिंहदरबार छाड्नुपरेको थियो । बंगलादेशमा पढ्न गएका नेपाली छोरीचेलीले आफूलाई नसुम्पीकन सर्टिफिकेट नपाउने मन्तव्य तामाङले दिएका थिए । त्यतिबेला चिकित्सा शिक्षा सुधारका लागि डा. गोविन्द केसी अनसनमै थिए । मेडिकल व्यवसायी प्रसाईंले केसीकै विरोधमा थिए । प्रसाईंको उक्साहटमा लागेर त्यतिबेला तामाङले मेडिकल शिक्षाका लागि बंगलादेश गएका नेपाली चेलीहरूविरुद्ध बोले । २०७४ फागुन ३ गते मन्त्री बनेका उनी २०७५ साउन ८ गते नै राजीनामा दिन बाध्य भए । तामाङले साउन ४, २०७५ मा विवादास्पद अभिव्यक्ति दिएका थिए ।


संयोग मान्नुपर्छ अहिले पनि प्रसाईं केसीको विरुद्धमा बोलिरहेका छन् । हालका स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत र पूर्वमन्त्री तामाङको निर्वाचन क्षेत्र पनि एकै हो । उनै प्रसाईंको बोलीमा लोली मिलाउँदै बस्नेतले पनि केसी कसैको बहकाउमा लागेको अभिव्यक्ति दिएका छन् । मन्त्री बस्नेत बेलाबेला यस्तै हो भने नेपालमा पाँच वर्षपछि चिकित्सक नर्स नपाउने तर्क पेस गर्छन् । मापदण्ड नपुऱ्याउँदा अहिले चिकित्सा शिक्षा आयोगले ७५ भन्दा बढी मेडिकल कलेजको नर्स पढाइमा भर्ना रोकिदिएको छ । मेडिकल कलेज सञ्चालन गर्नेले कम्तीमा १०० बेड भएको अस्पताल सञ्चालन गर्नैपर्ने नियम छ । यसलाई संशोधन गरी बेडको संख्या घटाउनुपर्ने कलेज सञ्चालकहरूको माग देखिन्छ ।

अहिले सरकारकै कारण चिकित्सक नर्स विदेशिरहेका छन् । सरकारले अस्पतालहरूमा दरबन्दी खोल्न सकेको छैन । अर्कोतिर निजी अस्पतालहरूले नर्समाथि श्रम शोषण गरिरहेका छन् । यस्तो अवस्थामा देशमा कसले मन गर्ला ? पछिल्लो समय आकर्षक रोजगारको खोजीमा विदेश जाने युवाहरूको ताती विमानस्थलमा दैनिक देखिन्छ । अझ विदेशमा आकर्षक तलब पाइने नर्सले यस्तो शोषण र बेरोजगार सहेर कतिञ्जेल नेपाल बस्ने ?

त्यसैले यस्तो विषयमा विनाअध्ययन मन्त्रीजस्तो व्यक्तिले निराधार आरोप लगाउनु व्यर्थ हो । चिकित्सा शिक्षासम्बन्धी निकायका सरकारी अधिकारीहरूकै भनाइलाई आधार मान्ने हो भने नेपालमा अझै पनि २५ हजार नर्स बेरोजगार छन् । यस्तो अवस्थामा चिकित्सक नर्सलाई नेपालमै बस्ने वातावरण बनाउनुको साटो मेडिकल माफियाहरूको लहैलहैमा लागेर अभिव्यक्ति दिनु लज्जाको विषय हो ।

मन्त्रीहरूको कार्यसम्पादनमा बस्नेत कमजोर देखिएको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहालको तारो बन्दै आएका छन् । यस्तो अवस्थामा यसैगरी अध्ययनविनाको भनाइले पदमुक्त हुन बेर छैन । त्यसैले अध्ययन र तथ्यबिना बोल्नुभन्दा मन्त्रालयको नेतृत्वमा बसेका व्यक्तिले रोजगारीको अवसर सिर्जनालाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो ।

# मैथिली पत्रकारिताको सर्सर्ती इतिहास



श्याम रिमाल

प्रस्तुत कृतिका नामबाट नै यो मैथिली छापा पत्रकारिताको इतिहास भएको बुझिए पनि यसमा न्यु मिडियाका रूपमा विकास भएका केही मैथिली अनलाइन र ब्लगका उदाहरण पनि दिइएका छन्, जुन संक्षेपमा छन् । समयाभावले होला, रेडियो र टेलिभिजन क्षेत्रमा भने उनले हात हालेका छैनन् । पत्रिकाहरूको विवरण दिँदा कुनै कुनैमा भाषा, पत्रिकाको रूप (साप्ताहिक, पाक्षिक आदि), प्रकाशक, सम्पादक, प्रकाशन साल, कति साल र अंकसम्म प्रकाशन भएको जस्ता पक्ष छुटेका छन् ।

नेपालको पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार नेपाली भाषापछि दोस्रो सबभन्दा बढीले बोल्ने मातृभाषा 'मैथिली' ३२ लाख २२ हजार ३८९ जना अर्थात् ११.०५ प्रतिशत नेपालीले पहिलो भाषाका रूपमा बोल्ने गर्छन् । नेपालको मधेस प्रदेशमा सबैभन्दा बढी बोलिने यो भाषा दोस्रो भाषाका रूपमा दुई लाख ६७ हजार २१ जना तथा पुर्खाले बोल्ने भाषाका रूपमा २९ लाख ५९ हजार ८७६ जनाको जनसंख्या छ ।

बोल्दा र सुन्दा निकै मनमोहक मैथिली भाषा नेपालको मधेस प्रदेशमा प्रयुक्त छ । लोकसाहित्य र भाषिक प्रयोगका साथै सांस्कृतिक परम्पराका दृष्टिले यसको लामो परम्परा छ जुन करिब ६०० वर्ष पुरानो छ । यसका साहित्य र संस्कृति समृद्ध रहेको, शब्दकोश र व्याकरण भएको तथा सार्वजनिक सञ्चारमाध्यममा पनि उपयोग भइरहेको अर्को विशेषता हो । मधेसमा अन्य मातृभाषी समुदायले पनि यसै भाषामा आफ्ना नियमित गतिविधि, व्यावसायिक तथा पेसागत कार्य सञ्चालन गरिरहेका छन् । यो छिमेकी भारतको बिहार र झारखण्ड राज्यमा पनि बोलिन्छ । भारतीय संविधानको आठौं अनुसूचीमा यो भाषा पनि समाविष्ट छ । मैथिली साहित्यको समृद्ध इतिहास छ र चौधौं-पन्ध्रौं शताब्दीमा यसैमा विद्यापतिले ठूलो कवि (उनका कथा पनि छन्) को दर्जा पाए ।

अहिले दोस्रो बहुजनले बोल्ने मैथिली भाषाले नेपाली पत्रकारिता वा आमसञ्चारमाध्यममा पनि सन्तोषजनक उपस्थिति जनाएको छ । मिथिलाभाषी राजेश्वर नेपाली, रामभरोस कापडि भ्रमर, रामनारायण देव, रामरिझन यादव, वृजकुमार यादव, रामआशिष यादव, धीरेन्द्र प्रेमर्षि, श्यामसुन्दर शशी, हिमांशु चौधरी, राजेश अहिराजलगायतले नेपाली र मैथिली भाषा, साहित्य र पत्रकारितामा ठूलो योगदान पुऱ्याएका छन् । साहित्य तथा सञ्चार क्षेत्रमा मातृभाषा मैथिलीको प्रयोग गरेर आफ्नो पहिचान र संस्कृति संरक्षण गर्न अग्रसर साहित्यकार, सञ्चारकर्मी, पत्रिका तथा सञ्चालकहरूले आगामी पुस्तालाई मार्गदर्शन गरेर स्तुत्य काम गरेका छन् ।

यसै सन्दर्भमा सिरहा, बस्तीपुरमा जन्मी हाल धनुषामा बसोबास गर्ने नेपाल पत्रकार महासंघका पूर्वाध्यक्ष धर्मेन्द्र झाले ७० का दशकमा प्रेस काउन्सिल नेपालबाट मैथिली छापा पत्रकारिताको इतिहास अध्ययन गर्ने जिम्मेवारी पाएअनुसार कोरोना महामारीको समयलाई राम्रोसँग उपयोग गरे र नेपाली पत्रकारिता जगत्लाई 'नेपालीय मैथिली छापा पत्रकारिताको इतिहास (वि.सं. २०१४-२०७७)' प्रदान गरेका छन् । प्रेस काउन्सिल नेपालले २०७७ असोजमा प्रकाशन गरेको ८५ पृष्ठका कृतिमा नेपाली पत्रकारिता जगत्मा मैथिली पत्रपत्रिका र अनलाइन न्युज पोर्टलले पुऱ्याएको योगदानबारे सांगोपांगो जानकारी पाउन सकिन्छ । यसमा काउन्सिलका पूर्वसदस्य झाले नेपाली मैथिली पत्रकारिताको ६० वर्षभन्दा बढी समयको इतिहास अध्ययन गरी छापा र अनलाइन क्षेत्रलाई समावेश गरेका छन् ।

नेपाल, मिथिला र मैथिली, भाषा-पत्रकारिता तथा साहित्य-संस्कृति, भाषा, सञ्चार र पत्रकारिता, जनकपुरकेन्द्रित मैथिली पत्रकारिता, काठमाडौं उपत्यकामा मैथिली पत्रकारिता, सप्तरी र सिरहामा मैथिली पत्रकारिताको अवस्था, पूर्वी नेपालमा मैथिली पत्रकारिता, पश्चिममा मैथिली पत्रकारिता, मैथिलीका अनलाइन र ब्लग तथा मैथिली पत्रकारिताका चुनौती र सम्बोधनको रणनीति गरी आठ अध्यायमा विभक्त कृतिमा रहेका परिशिष्ट र सन्दर्भ सामग्रीले कृतिको आधिकारितालाई अझ बल दिएको छ । हालको मधेस क्षेत्रका आठ जिल्लामध्ये केन्द्रीय भूमि धनुषा, महोत्तरी, सप्तरी र सिरहा, पश्चिम पर्सा तथा कोशी प्रदेशका मोरङ, सुनसरी र झापा तथा काठमाडौं उपत्यका क्षेत्रमा मैथिली भाषाको पत्रकारिता विकास भएको पाइएको तथा पर्सापूर्व बारा, रौतहट र सर्लाहीमा भने प्रयाससम्म भएको अध्ययनमा उल्लेख गरिएको छ । त्यस्तै नेपालको पश्चिम क्षेत्रमा पर्ने हालको लुम्बिनीका रूपन्देही, कपिलवस्तु, बाँके र बर्दियामा मैथिलीभाषीको राम्रै उपस्थिति भए पनि मैथिली पत्रकारिता शून्य जस्तै रहेको जनाइएको छ । कसैकसैले मैथिली भाषासहित बहुभाषी भनेर पत्रिका दर्ता गरे पनि एकल मैथिली भाषाको पत्रिका भने भएनन् ।

मैथिली पत्रकारिताको विकासका लागि संस्थागत तथा समूहगत रूपमा अन्तर्राष्ट्रिय मैथिली सम्मेलन, अखिल नेपाल मैथिली साहित्य परिषद्, मैथिली पत्रकार परिषद्, मिथिला सांस्कृतिक केन्द्र, जानकी मन्दिर, जनकपुरधाम, चित्रगुप्त सेवा समिति, जनकपुर । सर्लाही, मैथिल मञ्च बिजलपुरा, महोत्तरी, मैथिली साहित्य परिषद्, मैथिली साहित्य परिषद्, जनकपुर । वीरगञ्ज । विराटनगर, मैथिली सेवा समिति, निवृत्त प्रतिभा उत्थान मञ्च, वीरगञ्ज, मैथिली प्रवर्द्धन समिति, सर्लाही, त्रिवि कीर्तिपुरका विद्यार्थी, तराई विद्यार्थी परिषद्, नेपाल मैथिल समाज, मैथिल महिला समाज नेपाल, तिरहुत ब्राह्मण सेवा समिति, मैथिली विकास मञ्च, काठमाडौं सिरहाली मञ्च, मैथिली पत्रकार परिषद्, मैथिली मिडिया प्रालि, नेपाल प्रज्ञा-प्रतिष्ठान, गोरखापत्र संस्थानको पनि महत्त्वपूर्ण भूमिका रहेको लेखक झाको अनुसन्धानमा देखिन्छ । गैरमैथिलीभाषी पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला र विद्वान् लक्ष्मण शास्त्री तथा भारतीय प्राध्यापक प्रफुल्लाकुमार सिंह 'मौन'ले यसको विकासमा निकै योगदान दिएको कृतिमा उल्लेख छ ।

'हिमालय टाइम्स' दैनिक र 'अन्नपूर्ण' दैनिकले पनि क्रमशः 'मैथिल भाषा विशेषांक' (२०५३ मंसिर ८) र 'तराई प्लस' अतिरिक्त पृष्ठ निकालेर मैथिली भाषा पत्रकारितामा योगदान दिएको मैथिली भाषा पत्रकार झाले जनाएका छन् । वि.सं. २०६० पुसमा सप्तरी, राजविराजमा नेपाल प्रेस इन्स्टिच्युट र क्षेत्रीय सञ्चार स्रोत केन्द्र मोरङ, विराटनगरद्वारा आयोजित र २०६१ मंसिरमा सिरहा, सिरहा बजारमा आयोजित आफैं प्रशिक्षक रहेको मैथिली पत्रकारितासम्बन्धी एकहप्ते तालिमले पनि मिथिला भाषा पत्रकारिताका लागि योगदान दिएको पत्रकार झाले उल्लेख गरेका छन् । झा स्वयंले केही मैथिली भाषी पत्रिका प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न भएको देखिन्छ ।

समीक्षा कृतिअनुसार यस भाषाको पहिलो पत्रिका सन् १९०५ (वि.सं. १९६२ तिर) मा भारत, जयपुरबाट प्रकाशन भएको मधुसूदन झाको सम्पादकत्वको 'मैथिल हीत साधन' र मिथिलाञ्चल, भारतबाट पहिलो प्रकाशित पत्रिका विष्णुकान्त झाका सम्पादकत्वको 'मिथिला मिहिर'




(सन् १९१२, वि.सं. १९६९ तिर ) थिए भने नेपाल सरहद रहेको मिथिलाञ्चल जनकपुर क्षेत्रबाट भने त्यसको करिब ४५ वर्षपछि मात्र बल्ल वि.सं. २०१४ मा 'मैथिली' भाषासमेत समेटिएको नवोनाथ झा नवीन सम्पादकत्वको 'नवजागरण' त्रैभाषिक (नेपाली, हिन्दी र मैथिली) ले पहिलो पत्रिका हुने मौका पायो ।

उनका अनुसार पछि 'आँजुर', 'इजोत', 'जनक', 'मिथिलावाणी', 'विद्यापति टाइम्स', 'मिथिला डटकम', 'आहट', 'धुवाधजा', 'मिथिलाञ्चल', 'तहल्का', 'नैमिकानन', 'मिथि', 'सीमाञ्चल', 'पर्यग्नि', 'धधरा', 'नवविचार', 'त्रिवाणी', 'सनेस', 'मैथिलीजगत्', 'तराई जागरण', 'अरिपन', 'मिथिला', 'मिथिलाञ्जलि', 'भोरूकवा', 'लाल तराई', 'अप्पन मिथिला', 'अग्रणी वाणी', 'कृष्णा', 'विदेहराज', 'उगना', 'मैथिली मञ्च', 'सञ्चार साथी', 'विश्वदीप', 'अग्रणी वाणी', 'दुविधान', 'कोशी-कमला', 'नवसनेस', 'सुरभि', 'अभिनव', 'मैथिली' 'सयपत्री', 'आङन', 'गोरखापत्र' लगायतका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक, समसामयिक संकलनलगायत हस्तलिखित, भित्रेपत्रिका, पोस्टर पत्रिका, साहित्यिक-समाचारमूलक, समाचार-विचारप्रधान, कविताप्रधान छापा, अनलाइन न्युज पोर्टल, रेडियो टिभी आदि आमसञ्चारमाध्यम र केही संस्थाहरूले नेपालका मधेस प्रदेश र काठमाडौं उपत्यकामा आधार रही प्रकाशन, प्रशिक्षण, पत्रकार संस्था गठन आदि माध्यमबाट मैथिली नेपाली पत्रकारिता जगत्मा योगदान गरे ।

लेखक झाअनुसार मैथिली भाषामा प्रकाशित केही पत्रिकाले विभिन्न विधा र क्षेत्रमा अगुवा हुने मौका पाएका छन् । तिनमा एकल मैथिली भाषामा प्रकाशित पत्रिकामा 'फूलपात', विचारप्रधान समाचारमूलक साप्ताहिकमा 'गामघर', साहित्यिक द्वैमासिकमा 'अर्चना', द्वैमासिकमा 'मिथिलाञ्चल', त्रैमासिकमा 'मैथिली', कविताप्रधानमा 'जनक', प्रेस काउन्सिलको मापदण्ड पूरा गरेको साप्ताहिकमा 'विद्यापति टाइम्स', दैनिकमा 'मिथिला डटकम', पाक्षिक र पूर्वी नेपालमा प्रकाशित समाचारमूलकमा 'मिथिला टाइम्स', द्विभाषी साप्ताहिक (नेपाली र मैथिली) मा 'तहल्का डटकम', काउन्सिलको भाषागत पुरस्कार पाउनेमा 'सीमाञ्चल' साप्ताहिक, रंगमञ्चकेन्द्रितमा 'आकृति', हवाई पत्रिकामा 'पर्यग्नि' द्वैमासिक, पोस्टर पत्रिकामा 'धधरा', नेपालीय मैथिली विशेषांक प्रकाशन गर्नेमा 'सिंहावलोकन', मैथिलीभाषी हस्तलिखित पत्रिकामा 'बालसखा', बुकलेट आकारमा प्रकाशित पहिलो 'मैथिली चौपाडि', फोल्डर पत्रिकामा 'कमला' आदि छन् ।

नेपाली र मैथिली भाषामा थुप्रै हाइकु, तान्का र कवितासंग्रह तथा लामो कविता, पत्रकारितासम्बन्धी पुस्तक, पाठ्यपुस्तकलगायत कृति, केही दैनिक पत्रिका र अनलाइन न्युज पोर्टलमा पनि सम्पादकका रूपमा रहेका लेखक स्वयंले पनि कतिपय मैथिली भाषाको पत्रिका सम्पादन र प्रशिक्षण गरिसकेका छन् ।

प्रस्तुत कृतिका नामबाट नै यो मैथिली छापा पत्रकारिताको इतिहास भएको बुझिए पनि यसमा न्यु मिडियाका रूपमा विकास भएका केही मैथिली अनलाइन र ब्लगका उदाहरण पनि दिइएका छन्, जुन संक्षेपमा छन् । समयाभावले होला, रेडियो र टेलिभिजन क्षेत्रमा भने उनले हात हालेका छैनन् । पत्रिकाहरूको विवरण दिँदा कुनै कुनैमा भाषा, पत्रिकाको रूप (साप्ताहिक, पाक्षिक आदि), प्रकाशक, सम्पादक, प्रकाशन साल, कति साल र अंकसम्म प्रकाशन भएको जस्ता पक्ष छुटेका छन् ।

सर्सरी हेर्दा यहाँसम्म आउँदा मैथिली पत्रकारिताको राम्रै विकास विकास भएको देखिन्छ तथापि मैथिलीलगायत मातृभाषाप्रतिको सरकारी प्रोत्साहन नीति र राजनीतिक संरक्षणको अभाव, हिन्दी भाषाप्रतिको मोह, पञ्चायतकालमा नेपाली भाषामा बढी जोड आदि कारणले यसको अपेक्षित हुन सकेन । 'मैथिलीभाषी सञ्चारकर्मीको निरन्तर क्रियाशीलताको अभाव' पनि यस दिशामा समस्याको कारक रहेको लेखकको ठम्याइ छ । आर्थिक लगानी, वितरण र जनशक्तिजन्य समस्याले धेरै पत्रिका अनियमित भएको र पछिल्लो समय यस क्षेत्रमा कोभिड-१९ को महामारी र आर्थिक मन्दीले पनि नकारात्मक प्रभाव पारेको छ । त्यसैले लेखकले मैथिली भाषागत पत्रकारिताको विकासका लागि विज्ञापन आदिको उपलब्धताको मागका साथ तीनै तहका सरकारलाई आह्वान गर्दै मातृभाषामा पत्रकारितासम्बन्धी तालिमहरू आयोजना गर्न पनि सुझाएका छन् । मैथिली भाषाको जग राख्न विद्यालय-कलेजमा पठनपाठनको व्यवस्था गर्न पनि उनले जोड दिएका छन् ।

नेपालका प्रत्येक मातृभाषा तथा र त्यससँग सम्बन्धित इतिहास, साहित्य, सञ्चार, कला, संस्कृति आदिको अध्ययन तथा प्रकाशनले हाम्रो सम्पदालाई नै वैभवशाली बनाउँछ । यस्ता अध्ययन-अनुसन्धानमूलक कृतिले नयाँ पुस्तालाई मार्गदर्शन गर्छन् नै, संरक्षण र विकासका लागि पनि राज्य, निजी क्षेत्र तथा सम्बन्धित भाषाभाषीका साहित्यकार, संस्कृतिकर्मी, भाषासेवी र सञ्चारकर्मीलाई घच्घच्याउँछ । आगामी दिनमा लेखक झा वा अरू कसै न कसैबाट यस क्षेत्रको अनलाइनको अवस्था तथा रेडियो-टिभी क्षेत्रमा पनि अनुसन्धान हुन सकेमा मैथिली भाषा पत्रकारिता अध्ययनको पाटो झन् परिपूर्ण हुन सक्ने विश्वास गर्न सकिन्छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

त्यहाँका वासिन्दाहरू लडाकु प्रवृत्तिका थिए । यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले । शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे कुनै युवकले तिनलाई मुराको झुपडीमा पुयाइदियो । यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे ।

झुपडीमा मामुली घरेलु सामान केही गाँसेका (बुनेका) पातका पखा, धनुष र त्यसको ठोक्रो थियो । मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन् ।

उसले भन्यो-'म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडें । फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ । मैले सोधेँ- 'किन ? किन कि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ । राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ । मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुनै सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन् । आज तिनै मुरा बनेका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पानी बसेकी छ ।ध

यसरी शकटारबाट चन्द्रगुप्तको परिचय पाएपछि चाणक्यलाई त्यस बालकलाई भेट्ने इच्छा प्रबल भयो । उनले शकटारलाई भने- 'तात ! हामीलाई यस्तो बालकको आवश्यक छ । उसका सम्पूर्ण लक्षण हाम्रो अनुकूल छन् । हामी सबैले उसकी आमालाई भेट्यौं । चाणक्य चन्द्रगुप्तसँग भेट्ने समयसमेत तय गरी शकटारसँग बिदा भई जुन भेषमा आएका थिए । त्यसै भेषमा उज्यालो हुनुभन्दा पहिले नै आफ्नो अज्ञातवासतिर लागे ।

अर्को दिन मध्याह्न समयमा चाणक्य र शकटार ज्योतिषीको रूपमा उत्तर सीमावर्ती वन क्षेत्रमा गए ।




# ढाकाटोपीमाथि प्रतिबन्ध !

एकान्छा, त्यो मेरो तिहारमा बैनीले लगाइदिएको ढाकाको टोपी ल्याई दे त ! उहाँ साइलाकी छोरीको लगन जुराउने रे बोलाका छन् । ढिला भइसक्यो ।

'हचा ! जानु पर्दैन के उहाँसम्म । आज गाडीसाडी चल्दैन भन्या था'छैन ?' छोरो चिच्याउँछ ।

अँ तैंले भनेजस्तो हुन्छ नि । गाडी चले पनि नचले पनि निम्तोमा बोलाएपछि जानु पर्दैन ? एकाघरभित्रको मान्छेकाँ ! कुरा गर्छ । जसरी पनि जाने हो । त्यही पर त हो, हिँडेरै भए पनि गइहाल्छु नि । बरु तँचाहिँ घरमै बस अल्लारे केटाहरू देख्यो भने पुलिसले गाडी फोड्न आको भन्ठानेर समाउँछ ।

'अँऽ अँऽ अल्लारे केटाहरू मात्र हुन्छन् नि फोड्ने । कुरा गर्नुहुन्छ । अहिले त उहाँ जोगीभोगी सबै सडकाँ देख्नुभएन अस्ति उता पूर्वतिर ? पहेँला फेटा बाँधेका उफ्रेका ! एउटीले भन्थै थि नि, एक मिनेटमै कुन ठाउँ खरानी हुन्छ भन्दै ।'

हुन्छ नि खरानी ! धुप बालेको हो र एकै छिनमा खरानी हुन । यस्तैले हो आफू पनि खरानी बन्ने अरुलाई पनि खरानी बनाउने । ताल न तुइको कुरा बोल्या छन् बस्या छन् । 'नपाउनेले के पायो बोक्रैसम्म चपायो' भन्या जस्तो । ल भैगो छाड्दे त्यो मेरो ढाकाको टोपी ल्याइदे ।

'भर्खर दिएको हैन ?'

कहाँ दिनु ल्याइदिएकै छैन ।

'अनि त्यो हातको चाहिँ के हो नि ?' (हातमा भएको टोपी देखाउँदै)

ए हातमै लिएर खोजेको खोज्यै छु । अब त पक्कै बूढचौली लागेछ ।

ल म हिँडे (हातको टोपी शिरमा लगाउँदै) ।

'म बाइकमा पुऱ्याइदिन्छु नि त ।'

पर्दैन-पर्दैन, गाडी नचल्ने भएपछि किन बाइकमा हिँड्नुपरो । म खुरुखुरु हिँडेर पुग्छु त, १५-२० मिनेट हो ।

दौरा सुरुवाल ढाकाटोपीमा चिटिक्क सजिएर उनी निस्कन्छन् ।

'ल ल जानुस्, बाटोमा हिँड्दा ध्यान दिएर जानुस् नि ।'

हुन्छ के हुन्छ चिन्तै नगर त्यही सिनामंगलसम्म त हो किन आत्तिनु पऱ्यो र ?

'भए पनि आज दिन ठीक छैन ।'

अग्लो ज्यान, खरानी रङको लवेदा (दौरा) सुरुवाल, पाल्पाली ढाकाटोपी लगाएर लमकलमक लम्कँदा त लाग्थ्यो कुनै सरकारी उच्च ओहोदाका व्यक्ति हुन् हरिलट्ठक बाजे । कोटेश्वरबाट उत्तर लागेका हरिलट्ठक बाजे बाटाभरि पुलिस देखेर मनमनै भन्दै छन्- कस्ता दिन पनि आए । ऋण खाएर तिर्दिनँ भन्न नि पाइने । ऊ बेला भए ऋण खाएर नतिर्नेले त अनुहार देखाउन पनि लजाउँथे । टाढाटाढा भाग्थे । तर अहिले केको भाग्नु उल्टै दादागिरी चल्या छ ।

मनमनै भुतभुताउँदै हिँडेका हरिलट्ठक बाजेलाई मुनि गणेश पुग्नासाथ दुईदर्जन पुलिसले घेरा हालिहाले । पुलिस र हरिलट्ठक बाजे दुवै मुस्कुराउँदै ।

'हैन क्यारेका हौं । किन घेरा हालेका छौं,' बूढा यता पुसिललाई सोध्दै छन् । उता क्यामरा तेर्साएर पत्रकार/युटचुबर हरिलट्ठक बाजेलाई सोध्दै छन्- कहाँ जान लाग्नु भाको ?

'जान त साइँलाकी छोरीको लगन जुराउन जान लागेको । तर खै कहाँ हिँड् भन्छन् यिनीहरू ।' दुई-चार जना पत्रकार वरिपरि छन्, प्रहरीले हरिलट्ठकको हातमा समाइहाले । 'ए जाने भन्या होइन !'

'होइन हउ कता लान लाग्या छौं । म यता जाने होइन हउ उता जाने हो ।' पूर्वेली लवजमा हरिलट्ठक बाजे कराउँछन् । 'हो हो उतै जाने हो ।' बूढा र पुलिसको हाँसोसहितको दृश्यले पत्रकार नै दंग । दुई मिनेटजति बाजे के हिँडेका थिए । छ सात जना पुलिसले जुरुक्क उठार बाजेलाई भ्यानमा छिराइहाले । विचरा बूढा चुँइक्कसमेत बोल्न पाएनन् ।

किन पुलिसले समात्यो किन भ्यानमा कोच्यो पत्तै छैन ! बाजे घरबाट निस्कँदा छोरालाई अल्लारे भनेर सम्झाउँदै थिए । बूढालाई बाटोमा पुलिसले नै अल्लारेभन्दा बढी बनाइदियो । बाजे कराउँछन्, 'होइन होउ छाड्देऊ न उता बिहेको कुरा पो छ त । किन समात्यो मलाई पनि त्यही ऋण नतिर्ने भन्ठानेउ कि क्या हो । होइन होउ होइन ।'

बाजेको कुरा पुलिसले के सुन्थे र !

बाजेको दाहिने समातिरहेको एउटा पुलिसले प्वाक्क बोलिगो । 'नकराउनुस् के । आज दौरा सुरुवाल, ढाकाटोपी लगाएर यो बाटामा हिँड्ने सबलाई समात्ने आदेश छ ।'

यो आदेश भन्ने जात पनि कस्तो । ढाकाटोपी र दौरा सुरुवालदेखि पनि डराउनुपर्ने। यही नेपाली टोपीले विश्वको जुन कुनामा पुगे पनि पहिचान आफैं देखाइदिन्छ । तर, नेपालाँ टोपी र दौरा लगाउनेलाई अपराधीझैं समातेर कोचेको छ ।

को कहाँ जान हिँडेको छ, उसको व्यक्तित्व के हो मतलब नै नगरी झ्याप्प झ्याप समातेर पनि हुन्छ कतै । देशको पहिचानमाथि पहिचान विरोधीहरूले संघर्ष गरे जस्तै पो देखियो त ।

बूढा अक्क न वक्क परे । 'कामकुरो एकातिर कुम्लो वोकी ठिमीतिर' भने जस्तै भो । बूढाले खल्तीबाट टिकटिके मोबाइल निकाले । यसो नम्बर दाब्न खोज्दा पुलिसले त्यो पनि कब्जा गरिदिन्छ । बूढाले जीवनमा पहिलोपटक पुलिसको संगत गर्न पाएका रै'छन् नि क्या हो कुनै अनुभूति नै छैन ।

हुन पनि मंसिर महिना । बिहेको लगनको महिना । यही मौकामा भएको आन्दोलनमा आउने सम्भावना भएका अधिकांश ढाकाटोपीवाला त्यही भएर बल्खुमा तीर हान्दा तीनकुनेसम्म त्यस्तो भो समस्या । सरकारले नै ढाकाटोपी लाको देख्नै नहुने भएछ । दौरा सुरुवाल र ढाकाटोपी लगाउनेलाई च्याप्पै समात्ने उर्दी जारी भएछ । त्यही उर्दीमा परे छन् हरिलट्ठक बाजे पनि । 'खाइ न पाइ छालाको टोपी लाइ' भन्थे कुनै बेला, त्यस्तै भो । ढाकाटोपी यतिखेर प्रतिबन्ध भो ।

हरिलट्ठक बाजेले न घरमा खबर गर्न पाए, न त साइँलाकी छोरीको लगन नै देख्न पाए । आजकलको आन्दोलनले टोपी र दौरा सुरुवाल लाउनेहरूले अनावश्यक दुःखमात्र भए । 'मेरो टोपी कैलाशको शिर जस्तो' भनेर गोपाल योञ्जनले गीत गाउने दिन गए । जय गणतन्त्र !

# सीताराम विवाह महोत्सवको तयारी

**महेन्द्रनगर (धनुषा)–** यही मंसिर २६ गतेदेखि पुस २ गतेसम्म जनकपुरधाममा हुने सीताराम विवाह महोत्सवको तयारी सन्दर्भमा सोमबार जानकी मन्दिरमा सर्वपक्षीय बैठक सम्पन्न भएको छ ।

त्रेता युगमा जनकपुरधाममा राजा जनकद्वारा धनुष भंगको प्रस्ताव राख्नु, धनुष भंग गर्नेसँग पुत्री सीताको विवाह गर्नु र अयोध्याका राजकुमार रामद्वारा गुरू विश्वामित्रसँग जनकपुरधाम आई धनुष भंग गरी सीतासँग स्वयमवर गर्नु आदि स्मृतिमा सीताराम विवाह महोत्सव यहाँ मनाउने चलन रहेको छ ।



रामायणअनुसार जनकपुरधामको रंगभूमिमा आयोजना गरिएको सो स्वयम्वरमा विभिन्न देवी देवताको उपस्थिति रहेको थियो । यसै प्रसंगलाई विभिन्न पक्षद्वारा प्रतीकात्मक रूपमा देखाउनु नै सीताराम विवाह महोत्सवको विशेषता रहेको छ । बैठकले यही पृष्ठभूमिलाई सफल र भव्यता प्रदान गर्न मूल समिति, उपसमिति गठन र व्यवस्थापनका विविध आयामबारे छलफल र कार्यान्वयनमा जोड दिएको छ ।

समारोहका लागि १५१ सदस्यीय मूल समिति र स्वास्थ्य, यातायात, सुरक्षा, खानेपानी, प्रचारप्रसार, मञ्च व्यवस्थापन, सजावट, दीपावली उत्सवको व्यवस्थापनका लागि उपसमितिहरू पनि गठन गरिएको छ । गत वर्षमा प्रदेश सरकारले महोत्सवका लागि २० लाख रूपैयाँ विनियोजन गरेको थियो तर यस वर्ष प्रदेश सरकारले महोत्सवका लागि रकम विनियोजन नगरेकोप्रति सहभागीहरूले चिन्ता व्यक्त गर्दै रकम विनियोजनका लागि प्रदेश सरकारलाई आग्रह गर्ने सुझाव दिएका छन् । सीताराम विवाह महोत्सवको साताव्यापी कार्यक्रमअन्तर्गत मंसिर २६ गते जनकपुरधाम नगर दर्शन, २७ गते फूलवारी लीला, २८ गते धनुष यज्ञ, २९ गते तिलकोत्सव, ३० गते मटकोर, पुस १ गते स्वयम्वर तथा विवाह उत्सव र २ गते राम कलेवा रहेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास बैष्णवले बताएका छन् ।

यसका साथै विवाह पञ्चमीका दिन हेलिकप्टरबाट पुष्पवृष्टि गरिने कार्यक्रम पनि रहेको सहायक महन्त रामरोशन दास बैष्णवले बताएका छन् । सीतालाई छोरी, बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थिति हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुने गरेको जानकार डा. राजेन्द्र विमलले बताए । *रासस*

# नदीजन्य पदार्थमा अग्राधिकारको माग

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकाका नदीप्रभावित क्षेत्रका बासिन्दाले नदीजन्य पदार्थमा अग्राधिकार कायम गरिनुपर्ने माग अघि सारेका छन् । चुरे क्षेत्र भएर बग्ने गौडी, घरकटुवा र अनौखी खोलामा नदीजन्य पदार्थ संकलन र उत्खननका लागि प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण प्रतिवेदन तयारीका लागि सोमबार आयोजित छलफलका वक्ताले नदीप्रभावित क्षेत्रका बासिन्दाको हितलाई ध्यानमा राखेर मात्रै कार्य अगाडि बढाइनुपर्ने माग गरेका हुन् ।

नगरपालिका–८ पारिफाँटाका वन वातावरणका क्षेत्रम लामो समयदेखि क्रियाशील केशवसिंह धामीले वातावरण र बस्तीलाई असर नपर्ने गरी नदीजन्य पदार्थ ढुंगा, बालुवा, गिट्टी उत्खननको कार्य गरिनुपर्ने बताए । प्राकृतिक साधनस्रोतमा पहिलो अधिकार स्थानीय बासिन्दाको हुनुपर्ने उनले बताए ।

'नदीप्रभावित क्षेत्रका बासिन्दाको हितलाई पहिलो प्राथमिकतामा राखेर कार्य गरेमात्रै नदीजन्य पदार्थ संकलन, उत्खननको कार्य गर्न दिन्छौं,' धामीले भने, 'त्यसका लागि तटबन्ध, सडक स्तरोन्नतिका कार्यलाई अगाडि बढाउने लिखित प्रतिबद्धता पहिले नै गरिनुपर्छ ।' वातावरणमा पर्ने प्रभावसँगै यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाको स्वास्थ्यमा हानि पुग्ने प्रकारले नदीजन्य पदार्थको दोहन हुन नदिइने उनको भनाइ थियो ।

अर्का मणिकाधाम टोलका प्रेमबहादुर खातीले गत वर्ष नदीजन्य पदार्थ उत्खनन र संकलनका लागि ठेक्का भएका ठाउँभन्दा अर्को ठाउँमा पुगेर ठेकेदारले नदीजन्य पदार्थ उठाउँदा बाढीले बस्ती नै उठिवासमा पारेको बताए । 'नदीजन्य पदार्थको जथाभावी रूपमा दोहन गर्दा खोला गाउँमै पस्यो,' खातीले भने, 'खेतमा रोपेको धानबाली बाढीको डुबानमा पर्दा पूरै नोक्सानी व्यहोर्‍यौं, अहिले चामल बजारबाट खरिद गरेर खानुपर्ने अवस्था आइलागेको छ ।'

गत वर्ष नगरप्रमुखले बस्तीमै पुगेर सडक बनाउने जिम्मा मेरो हो, तटबन्ध बनाउँछौं ठेक्का लगाए यस क्षेत्रकै मुहार फेरिन्छ भनेर भ्रममा राखेको उल्लेख गर्दै उनले पुरानै नियति दोहर्‍याउन यसपटक नदिइने बताए ।

एक दशकदेखि चरिचरन नियन्त्रण गरी घाँस जोगाएर नदी नियन्त्रण गरिएको जानकारी दिँदै दमन ठगुन्नाले नदीजन्य पदार्थको ठेक्का हुँदा चुरे क्षेत्रमै पुगेर ठेकेदारले उत्खनन गर्दा खोला बस्तीतर्फ सोझिएको बताए । 'अझै नदीजन्य पदार्थ संकलन उत्खननका लागि ठेक्का लगाउने कार्य भइरहेको छ,' ठगुन्नाले भने, 'बस्ती सुरक्षित गर्ने जिम्मा नगरप्रमुखले लिनुपर्छ ।' समाजसेवी सोभनसिंह ठगुन्नाले नदीजन्य पदार्थ बोक्ने ढुवानीका साधनबाट बस्ती क्षेत्रमा धुवाँ-धुलो भई स्थानीय बासिन्दाको स्वास्थ्यमा गम्भीर असर पर्ने भएकाले त्यसको निराकरणका लागि प्रयास हुनुपर्ने बताए । ढुवानीका साधनकै कारण सडक बिग्रिने भएकाले वडा कार्यालयसँग अग्रिम सम्झौता गरी सडक सुधारसँगै कालोपत्र गर्ने कार्य हुनुपर्ने उनले उल्लेख गरे ।

'समान्य मर्मत गरी सडक सञ्चालन गर्ने कुरा मान्य हुँदैन,' सोभनसिंहले भने, 'त्यसका लागि दिगो समाधानका उपाय अवलम्बन गरिनुपर्छ, नदीजन्य पदार्थ उत्खनन गर्दा बस्ती क्षेत्रमा खोला छिर्ने सम्भावना हुने भएकाले बलियो तटबन्ध निर्माण हुनुपर्छ ।'

बेलडाँडी गाउँका अगुवा करनसिंह बोहराले गत वर्षको ठेक्का हुँदा सडक बनाइदिन्छौं, तटबन्ध बनाइदिन्छौं भनेर अनुगमनका नाममा फोटो खिच्ने काम मात्रै भएको बताए । 'सडक सुधारका नाममा कहीँ कतै माटो छर्ने कार्य भयो,' बोहराले भने, 'सडक सुधारका लागि भनेर छुट्याइएको १० लाख रूपैयाँ बजेट कुन क्षेत्रमा लगानी गरियो, थाहा हुन सकेन, ठेक्का बीचमै तोडेर ठेकेदार भागेपछि सडक, तटबन्ध बनाउने कार्य अलपत्र नै पारियो ।'

'गत वर्षको नदीजन्य पदार्थको ठेक्का लगाउँदा वडाध्यक्षले हुँदैन भने पनि हामीले गाउँको विकास हुन्छ भनेर साथ दिएका हौं,' स्थानीय तिलक जप्रेलले भने, 'ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उठाउन दिनोस्, तटबन्ध बनाइदिन्छौं भनेर नगरप्रमुखले भनेका थिए, खोइ तटबन्ध बनाइएको, खोइ सडक सुधार गरिएको भ्रममा राखेर कार्य गरियो ।' नगरपालिकाले पाउने रोयल्टीको पूरै रकम प्रभावित क्षेत्रका बासिन्दाका लागि खर्च गरिनुपर्ने त्यसका लागि ठेक्का हुन अगावै लिखित प्रतिबद्धता नगरप्रमुखबाट आउनुपर्ने उनले बताए ।

वडा नं ९ का वडाध्यक्ष रमेशबहादुर ऐरले नगरको बृहत्तर विकासका लागि आर्थिक अवस्था बलियो हुनुपर्ने बताए । उनले आन्तरिक आयका लागि नदी, खोलानालाको ढुंगा, गिट्टी, बालुवा, ग्राभेलको ठेक्का लाग्नु जरुरी रहेको बताए । गत वर्ष ठेक्का लागेको खोलाप्रभावित क्षेत्रका बासिन्दाका लागि १० लाख रूपैयाँमा सडक स्तरोन्नति गर्ने कार्य हुन नसकेपछि निर्माण व्यवसायीको रकम भुक्तानी गर्ने कार्य रोकिएको उनले बताए । *रासस*


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WARDI CLEANING & MAINTENANCE CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०८/१० | LT. No. 280286 | चलानी नं. ६०२१०६३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 100 | ३५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यस विज्ञापन LT No. 280286 मिति: २०८०/०८/११ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE DIAMOND BAKERY COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०७ | LT. No. 295250 | चलानी नं. ६०२१०६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1400 | ४९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : A-MASTER ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 279608 | चलानी नं. ६०१९५१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 24 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SM-TECH PRECISION ENGINEERING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 270553 | चलानी नं. ६०१८६५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 9 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAJMDAR CONSTRUCTION

पूर्व स्वीकृति मिति: २०८०/०८/०५ | LT. No. 295237 | चलानी नं. ६०२१०६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1400 | ५१,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 2 | 0 | 1100 | ४०,१८० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1400 | ५१,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJRIN WOMEN CLOTHES TAILORING--

पूर्व स्वीकृति मिति : २०८०/०३/११ | LT. No. 288576 | चलानी नं : ६०२०३८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 10 | 3600 | १३१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Embroderer | 0 | 3 | 1100 | ४०,१८० | | | | | | | |
| 3 | General Supervisior | 15 | 0 | 3000 | १०९,५७५ | | | | | | | |
| 4 | Market Manager | 0 | 10 | 5700 | २०८,१९५ | | | | | | | |
| 5 | Secratery | 0 | 1 | 2100 | ७६,७०५ | | | | | | | |
| 6 | Supervisior | 46 | 11 | 2500 | ९१,३१५ | | | | | | | |
| 7 | Tailor | 0 | 1 | 1100 | ४०,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAUTE BOUTIQUE

पूर्व स्वीकृति मिति : २०७९/०७/०१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 275848 | चलानी नं.६०१९१४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant / Preparer | 5 | 0 | 150 | ६३,६२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Chef/cook | 5 | 0 | 180 | ७६,३४० | | | | | | | |
| 3 | Sales Person / Waitress | 0 | 5 | 130 | ५५,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO. LTD.

पुर्व स्वीकृति मिति २०८०/०८/०१ | LT. No. 294987 | चलानी नं. ६०२१००७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1800 | ६३,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८२० | | | | | | | |

कम्पनी : ROBOU AL-SUMAN FUEL EST

पुर्व स्वीकृति मिति २०८०/०८/०१ | LT. No. 294986 | चलानी नं. ६०२१००७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Attendant | 6 | 0 | 1200 | ४२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIGHT HANDS CLEANING SERVICES

पुर्व स्वीकृति मिति २०७८/११/०५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT No.258041 | चलानी नं.६०१७४६७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 26 | 1000 | ३२,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 8 | 0 | 1000 | ३२,९५५ | | | | | | | |
| 3 | Representative | 2 | 0 | 2500 | ८२,३८५ | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 2500 | ८२,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

# प्रभाव दैनिक




## लगनगाँठो कस्दै अभिनेत्री दीपशिखा


अभिनेत्री दीपशिखा खड्का विवाह बन्धनमा बाँधिने भएकी छन् । उनले प्रेमी अमनजंग बस्न्यातसँग परम्परागत विवाह गर्न लागेकी हुन् । उनको विवाह कार्यक्रम यही मङ्सिर १३ गते आयोजना गरिएको छ । विवाहको निम्तो साथीभाइ, आफन्त सबैतिर पुगिसकेको छ । ग्राउन्ड नोर्लिङ होटेलको रिसोर्टमा इन्गेजमेन्ट गरेका दुवैले करिब ५ महिना अगाडि काठमाडौँ जिल्ला अदालतमा कोट म्यारिज गरेका थिए । बस्न्यात कतार एयरलाइन्समा कार्यरत छन् । खड्काले भने केही अगाडि 'प्रेमलिला' नामको फिल्म निर्माण गरेकी थिइन् ।



मंगलबार, १२ मंसिर २०८० (Tuesday, November 28, 2023)

# नेपाल आउँदै विनीत सिंह

■ प्रभाव संवाददाता




**काठमाडौं–** भारतीय लोकप्रिय गायक विनित सिंह नेपाल आउने भएका छन् । उनी आफ्नो ब्याण्ड सहित सांगीतिक प्रस्तुतिका लागि नेपाल आउन लागेका हुन् ।

दरबारमार्गस्थित क्लब प्लाटिनममा आगामी डिसेम्बर २ (मंसिर १६ गते) शनिबार आयोजना हुने 'विनिथ सिंह लाइभ इन नेपाल' कार्यक्रममा उनले आफ्नो चर्चित गीतसंगीत राख्नेछन् । विनित बलिउडमा दर्जनौ भन्दा बढी गीतसंगीत गाएर चर्चामा छन् । २००३ देखि हालसम्म उनको गति युवापुस्ताले धेरै रुचाउदै आएका छन् । एल एण्ड एन मोडेल एजेन्सीको आयोजना रहेको कार्यक्रमले सांगीतिक मनोरञ्जन दिलाउनुको अलवा नेपालमा पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने आयोजकको विश्वास लिएको छ । कार्यक्रमको टिकट एभेन्टोज नेपालले जिम्मा लिएको छ ।

कार्यक्रमको सिलसिलामा तीन दिन नेपाल बस्ने विनितको नेपाल बसाइको क्रममा पशुपतिनाथ दर्शन, नेपाली खानाको स्वाद लिने र पर्यटकिय स्थलको भ्रमण गर्ने समेत कार्यक्रम रहेको आयोजक टोलीका सानु खानले जानकारी दिए ।

विनितले कार्यक्रममा 'तेरा प्यार प्यार हुक्क: बार', 'तुम चैन हो करार हो', 'जलते दिए', 'प्रेम लिला', 'तु कमाल दि कुडी' जस्ता गीत गाउने एल एन्ड एन मोडेल एजेन्सीका प्रबन्ध निर्देशक नितिन कायस्थले बताए ।

विनितको कार्यक्रमले नेपालको अर्थतन्त्रलाई केही टेवा पुग्ने बिश्वास आयोजकको रहेको छ । कार्यक्रममा विनितको अलवा नेपालका चर्चित गायक गायिकाको समेत प्रस्तुति रहने क्लब प्लाटिनमका संचालक डेभिल सिंह राजपुतले बताए ।

# प्रमोदको 'अर्कैको सिन्दुर लायौ'

**काठमाडौं (प्रस)–** गायक प्रमोद खरेलको स्वरमा रहेको गीत 'अर्कैको सिन्दुर लायौ'को भिडियो सार्वजनिक गरिएको छ । भिडियोमा चिना टिप्पन नमिल्दा एक प्रेम जोडीको जीवनमा आइपरेको उतारचढावलाई देखाइएको छ । गीतमा दीपक शर्माको शब्द र कार्कीजीको संगीत तथा विशाल निरौलाको एरेन्ज छ ।

भिडियोमा समीप निरौला, सिर्जना कोइराला र सुबास शाह फिचर्ड छन् । प्रेममा रहेका समीप र सिर्जनाको चिना नमिल्दा परिवारले सिर्जनाको विवाह सुबाससँग गरिदिन्छन् । तर विवाहकै भोलिपल्ट बिहान सिर्जना भागेर समीपलाई भेट्न गएको र त्यसपछिको द्वन्द्वलाई भिडियोमा देखाइएको छ । भिडियो कथात्मक शैलीमा निर्माण गरिएको छ । वियोगान्त भावको भिडियोमा राम केसीको छायांकन, टेकेन्द्र शाहको सम्पादन, माधव शर्माको सह निर्देशन र समीपकै कथा, पटकथा तथा निर्देशन छ ।

# कोमल वलीकी आमाको सम्झनामा २० लाखको अक्षयकोष

■ प्रभाव संवाददाता



**दाङ–** गायिका तथा एमाले नेता कोमल वलीको परिवारले स्वर्गीय आमा दीपा वलीको नाममा २० लाख रूपैयाँको अक्षयकोष स्थापना गरेको छ । आमाको सम्झनामा दाङका छात्राहरूलाई अध्ययनका लागि सहज होस् भन्ने हेतुले यो अक्षयकोषको स्थापना गरिएको कोमल वलीले बताइन् ।

अक्षय कोषबाट दाङ जिल्लाका थारु समुदाय र दलित समुदायका छात्राहरूलाई पढ्न छात्रवृत्ति प्रदान गरिने कोमल वलीले बताइन् । 'एक जना थारु समुदाय र एक जना दलित समुदायबाट गरेर कक्षा ८ बाट उच्च शिक्षासम्मका लागि अध्ययनमा सहज होस् भनेर सम्पूर्ण खर्च यो ट्रष्टले व्यहोर्ने छ,' वलीले बताइन् । 'आमाले पढ्न पाउनु भएन,' उनले भनिन्, 'स्कुल जान नपाए पनि आमामा राम्रो राजनीतिक तथा सामाजिक चेत थियो, छोरीहरूले पनि पढ्नु पर्छ भनेर हामीलाई सधैं पढ्न हौसला प्रदान गर्नुहुन्थ्यो ।' आमाले सबैका छोरी पढ्नु पर्छ भन्ने गरेको र उहाँको नाममा स्थापित यो कोषले आर्थिक अभावमा अध्ययनबाट वन्चित छोरीहरूलाई सहयोग गर्ने विश्वास आफूले लिएको वलीले बताइन् ।

त्यस्तै, वली परिवारले वर्षेनी आमाको स्मृति दिवसको अवसर पारेर एक जना महिला नेतृलाई सम्मान गर्ने पनि घोषणा गरेको छ । राजनीतिमा लागेर कुनै लाभको पदमा नपुगेका ६० वर्षमाथिका महिलालाई 'दीपा वली स्मृति सम्मान'बाट सम्मान गरिने कोमल वलीले बताइन् ।

आफ्नी आमा पञ्चायतकालीन समयमा नै महिला संघमा सक्रिय रहेर नगर उपाध्यक्षसम्म बनेर काम गरेको स्मरण गर्दै वलीले भनिन्, 'आमा राजनीतिमा महिलाको सहभागिता हुनुपर्छ, त्यसले परिवार र समाज दुवैलाई उन्नत बनाउन र चेतना फैलाउन सहयोग गर्छ भन्नुहुन्थ्यो । उहाँकै यही विश्वासलाई आधार बनाएर हामीले यो सम्मान वर्षेनी दिने योजना बनाएका हौँ ।'

दीपा वली र उनका श्रीमान ललित वलीको नाममा स्थापित दीपा-ललित ट्रष्टले छात्रवृत्ति र सम्मानको कार्यक्रमको कार्यविधि बनाएर कार्यान्वयन गर्ने र पहिलो वार्षिकीमा यो वितरण गरिने पनि वलीले जानकारी दिएकी छिन् । कोमल वलीको चर्चित गीत 'मलमल किरी जुनकिरी'लगायत २ दर्जनभन्दा बढी गीतकी रचनाकारसमेत रहेकी दीपा वलीको मंसिर २ गते काठमाडौंमा निधन भएको थियो ।

# 'फर्की फर्की'को छायांकन पोखराबाट

■ प्रभाव संवाददाता




**काठमाडौं–** रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्म 'फर्की फर्की'को छायांकन सुरु भएको छ । फिल्मको छायांकन आज (सोमबार)बाट पोखराको लेकसाइटबाट सुरु भएको हो । फिल्मका लागि पहिलो सट अभिनेता अनमोल केसीले दिएको निर्माता अधिकारीले बताए ।

पोखरापछि फिल्मको छायांकन अन्नपूर्ण बेस क्याम्प, काठमाडौं र इन्डोनेसियाको बालीमा समेत हुनेछ । गत शुक्रबार ललितपुरको बंगलामुखी मन्दिरमा पूजा गर्दै फिल्मको शुभ-मुहूर्त भएको थियो ।

सुयोग गुरुङको निर्देशन रहने फिल्ममा अनमोलको अलवा जसिता गुरुङ, माओत्से गुरुङ, नव-कलाकारद्वय रवि काफ्ले, समृद्धि अर्याल, प्रेम पाण्डे लगायतको अभिनय रहनेछ । अनमोल र जसिता पहिलो पटक यसै फिल्म मार्फत एकसाथ देखिन लागेका हुन् ।

प्रेमकथामा बन्न लागेको फिल्मको कथा निर्माता अधिकारीले नै तयार पारेका हुन् । ओमप्रकाश अग्रवाल समेत निर्माता रहेको फिल्ममा सह-निर्मातामा मनोज वली र राम न्यौपाने रहेका छन् । नरेन्द्र मैनालीको छायांकन, रोमन बज्राचार्य, नरेन लिम्बु र अनमोल गुरुङको संगीत रहेको फिल्ममा अष्ट महर्जनको द्वन्द्व छ ।

'गाजलु' र 'छ माया छपक्कै' जस्ता सुपरहिट फिल्म निर्माण गरेका अधिकारीको 'फर्की फर्की' काठमाडौंमा काफिया फिल्मस् र मोफसलमा कुबेर फिल्मस्ले वितरण गर्नेछ । फिल्मको अन्तर्राष्ट्रिय वितरकको रूपमा एमएसएम इन्टरटेन्मेन्ट जोडिएको छ । शंकर पाण्डे फिल्मका प्रोडक्सन म्यानेजर रहेको फिल्मको रिलिज नयाँ वर्षको जेठमा हुनेछ ।



# सदस्यसचिव घिसिङलाई एसिया रग्बीको प्रतिष्ठित सेवा पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङलाई एसिया रग्बीले प्रतिष्ठित सेवा पुरस्कारबाट सम्मान गरेको छ । नेपाल रग्बी संघका पूर्व अध्यक्ष समेत रहेका घिसिङलाई उनको कार्यकालमा नेपालमा रग्बी खेलको विकास र विस्तारमा उल्लेखनिय योगदान पुऱ्याएवापत सम्मान गरिएको हो ।

उज्वेकिस्तानको तास्केन्टमा भएको एसिया रग्बी अवार्ड कार्यक्रममा सदस्य-सचिव घिसिङलाई अवार्ड प्रदान गरिएको थियो । सदस्य-सचिव घिसिङ एसिया रग्बीका कार्यकारी सदस्य पनि हुन् । सदस्यसचिव घिसिङ २०१२ मा नेपाल रग्बी संघको अध्यक्षमा निर्वाचित भएएता २०२१ सम्म अध्यक्षको जिम्मेवारीमा थिए । २ वर्षअघि उनी राखेप सदस्य-सचिवमा नियुक्त भएपछि अध्यक्ष पदबाट राजीनामा दिएका थिए ।

उनको कुशल नेतृत्वमा नेपाली रग्बीले विश्वव्यापी मान्यता पाएको थियो । सन् २०१८ मा नेपालले एसिया रग्बीको पूर्ण सदस्यता तथा सन् २०२० मा विश्व रग्बीको एसोसिएत मेम्बर प्राप्त गर्दा सदस्यसचिव घिसिङको महत्वपूर्ण भूमिका थियो । उनकै महत्वपूर्ण भुमिकामा नेपालले यसै वर्ष विश्व रग्बीको पूर्ण सदस्यता पाएको थियो ।

सन् २०१९ मा एसिया रग्बीको सदस्यमा निर्वाचित भएपछि सदस्य-सचिव घिसिङ खासगरी दक्षिण एसियालाई केन्द्रमा राखेर एसियामा रग्बीको विकास र विस्तारमा निरन्तर क्रियाशील रहँदै आएका छन् ।

## नेपाल सुपर लिग

# इलामद्वारा झापा पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल सुपर लिग एनएसएलमा स्पोर्टिङ ईलामले जित हासिल गरेको छ । सोमबार भएको ईलामले झापा एफसीलाई १-० गोल अन्तरले पराजित गर्यो । ईलामका लागि अमथ एन्डोले खेल सकिन तीन मिनेट अघि विजयी गोल गरे ।

अमथले डिबक्सभित्रबाट प्रहार गरेको बल झापाका गोलकिपर स्टिफनले रोकेका थिए । सोही रिबाउन्ड बलमा अमथले गोल गर्दै ईलामलाई जित दिलाएका हुन् ।

उनै अमथले खेलको ८४ औं मिनेटमा प्राप्त पेनाल्टीमा असफल प्रहार गरेका थिए । भरत खवासलाई डिबक्सभित्र लडाएपछि प्राप्त पेनाल्टीमा अमथको प्रहार आकासिएको थियो ।

पहिलो खेल साविक विजेता काठमाडौं रेजर्ससँग गुमाएको ईलामले दोस्रो खेलमा निकै सुधारिएको प्रर्दशन गरेको थियो । खेल अवधिभर अमथको गोलको प्रयास लोभलाग्दो रह्यो ।

उनको निरन्तरका प्रयासलाई झापाका विदेशी गोलकिपर स्टिफनले असफल बनाएका थिए । झापाविरुद्ध ईलामका गोलकिपर विकेश कुथुले अझ प्रभावशाली प्रदर्शन गरे । उनले झापाका सबै आक्रमणलाई निस्तेज पारे । पहिलो खेलमा गरेको गल्तीलाई सच्चाउँदै दोस्रो खेलमा जित दिलाउन उनको मुख्य योगदान रह्यो ।

खेलको अन्तिम समयमा विकेशले डिबक्समा रहेका अन्जन विष्टको उत्कृष्ट हेड प्रहारलाई दायाँ हातले रोक्दै असफल बनाएका थिए ।

एनएसएलको निकै बलियो मानिएको झापाले हार सहित सिजनको सुरुवात गरेको छ । उसले नवप्रवेशी क्लबको रूपमा एनएसएलमा सहभागी भएको हो । ईलामले दुई खेलबाट ३ अंक जोडेको छ भने झापा अंक जोड्न असफल भएको छ ।

# आयोजकलाई हराउँदै आर्मीको पहिलो जित




**काठमाडौं (प्रस)–** आयोजक मदन भण्डारी स्पोर्टस क्लब निलोमाथि ११० रनको फराकिलो जित निकाल्दै त्रिभुवन आर्मी क्लबले केपी ओली कप टी-२० क्रिकेटमा विजयी सुरुवात गरेको छ । पोखरा रंगशालामा टस हारेर ब्याटिङ गरेको त्रिभुवन आर्मीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९५ रन बनाएको थियो ।

आर्मीले दिएको १९६ रनको बलियो लक्ष्य पछ्याएको मदन भण्डारी स्पोर्टस एकेडेमी निलो १५.४ ओभरमा ८५ रनमा अलआउट भयो । मदनभण्डारी स्पोर्टस एकेडेमीको लागि कप्तान निर्भिक पाठकले सर्वाधिक २८ रन बनाए । ओपनर रोनिम तिवारीले १५, रनवीर यादवले १६ तथा सेमन रोयले १० रन बनाए । अन्य कुनै ब्याटरलाई दोहोरो अंकमा रन बनाउन आर्मीका बलरले दिएनन् ।

आर्मीका लागि बायाँ हाते स्पिनर कुशल मल्लले सर्वाधिक ३ विकेट लिए । जितेन्द्र मुखिया र साहब आलमले २/२ विकेट लिए । सोमपाल कामी विकेट विहीन बनेको खेलमा विवेक यादव र रोहित पौडेलले १/१ विकेट लिए । त्यसअघि, ब्याटिङ गरेको आर्मीका लागि ओपनर सन्तोष कार्कीले सार्वधिक ४१ रन बनाए । कप्तान विनोद भण्डारीले ३८, वसिर अहमदले २३, कुशल मल्ल २५, रोहित पौडेलले १२ रन बनाए । विवेक यादव २९ रनमा तथा भीम सार्की ६ रनमा अविजित रहे । मदनभण्डारीका लागि मेहोल श्रेष्ठले सर्वाधिक २ विकेट लिए । कौशल रूपाखेती र धावन सहनीले १/१ विकेट लिए ।

# बंगलादेश कबड्डी लिगमा नेपालका ४ खेलाडी



**काठमाडौं (प्रस)–** बंगलादेशको ढाकामा हुने महिला कबड्डी लिगमा नेपालका चार खेलाडीले खेल्ने भएका छन् । चारैले मेघना कबड्डी क्लबबाट खेल्ने अवसर पाएका हुन् ।

बंगलादेश कबड्डी संघको आयोजनामा मंसिर १४ देखि २२ गतेसम्म हुने लिगमा अनुजा कुलुङ राई, गंगा घिमिरे, जयन्ती बडु र सिर्जनाकुमारी थारुले खेल्ने छन् । चारै खेलाडी गत असोजमा चीनको हाङझावमा सम्पन्न १९ औं एसियाली खेलकुदमा नेपालले ऐतिहासिक कांस्य पदक जित्ने टोलीका सदस्य हुन् । अफिसियलमा भगवती अधिकारी छिन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का निमित्त सदस्य-सचिव अञ्जन धमला, अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुल्सा थापालगायतले सोमबार एक कार्यक्रमबीच बिदाइ गरे । पाँच सदस्यीय टोली मंगलबार बंगलादेश प्रस्थान गर्दैछ ।

# कोप-२८ जलवायु शिखर सम्मेलनमा बाइडेन सहभागी नहुने






**वासिङ्टन–** अमेरिकी नेतृत्वलाई उजागर गर्ने अपेक्षामा वार्तामा भाग लिएको दुई वर्षपछि दुबईमा हुने संयुक्त राष्ट्रसंघीय जलवायु शिखर सम्मेलन अमेरिकी राष्ट्रपति जो बाइडेनले गुमाउने एक अमेरिकी अधिकारीले आइतबार बताएका छन् ।

बिहीबार सुरु हुन लागेको कोप-२८ मा राष्ट्रिय नेताहरू र पोप फ्रान्सिससहित करिब ७० हजार मानिस सहभागी हुने अपेक्षा गरिएको छ । यो अहिलेसम्मको सबैभन्दा ठूलो संयुक्त राष्ट्रसंघीय जलवायु शिखर सम्मेलन हुनसक्छ ।

राष्ट्रपति बाइडेन र उपराष्ट्रपति कमला ह्यारिसका लागि ह्वाइट हाउसले जारी गरेको तालिकामा यो साता उनीहरू दुबई जाने उल्लेख छैन । बाइडेनको व्यस्ततामा वायु ऊर्जामा अमेरिकी लगानी उजागर गर्नका लागि कोलोराडोको भ्रमण, अंगोलाका राष्ट्रपतिसँग बैठक र राष्ट्रिय क्रिसमस ट्रिको प्रकाश सामेल छन् ।

बाइडेनले यो साता कोप-२८ मा वा डिसेम्बर १२ को वार्ताको अन्त्यको दोस्रो सत्रमा भाग लिने योजना नबनाएको एक अमेरिकी अधिकारीले पुष्टि गरेका छन् । दुबईमा एउटा उच्चस्तरको अधिकारीलाई पठाउने वा नपठाउने भन्नेबारेमा बाइडेन प्रशासनले छलफल गरिरहेको नाम नछाप्ने सर्तमा ती अधिकारीले बताए ।

पूर्वविदेशमन्त्री, सिनेटर तथा अमेरिकी जलवायु दूत जोन केरीले अमेरिकाका लागि प्रत्येक दिन बैठकको नेतृत्व गर्ने छन् । बाइडेनले कोप-२८ मा भाग नलिने निर्णयको कारणबारे ती अधिकारीले केही बताएनन् । यद्यपि बाइडेनले एक महिनाभन्दा लामो समयदेखि इजरायल र हमासबीचको युद्धमाथि ध्यान केन्द्रित गरिरहेका छन् र अमेरिकी राष्ट्रपति निर्वाचनका लागि एक वर्षभन्दा पनि कम समयमा घरेलु एजेण्डालाई उजागर गर्न खोजिरहेका छन् ।

बाइडेनसम्म अमेरिकी राष्ट्रपतिका लागि प्रत्येक कोप शिखर सम्मेलनमा भाग लिने चलन थिएन । आफ्ना पूर्ववर्ती डोनाल्ड ट्रम्प पेरिस जलवायु सम्झौताबाट बाहिरिएपछि अमेरिकाले पुनः जलवायुमाथि विश्वव्यापी नेतृत्वको भूमिका निर्वाह गर्ने प्रतिज्ञा गर्नका लागि सन् २०२१ मा बाइडेनले ग्लासगोको भ्रमण गरेका थिए ।

ह्वाइट हाउस जान खोजिरहेका ट्रम्प जलवायुप्रति संशयवादी छन् र यो कार्य अमेरिकाका लागि अत्यन्त महँगो हुने बताउँछन् । राष्ट्रपति बाइडेनले गत वर्ष पुनः इजिप्टको शार्म अल-शेखमा कोप-२७ को एउटा छोटो भ्रमण गरेका थिए । तथाकथित मुद्रास्फीति न्यूनीकरण ऐन र विद्युतीय कारका लागि प्रोत्साहनसहित हरित अर्थतन्त्रका लागि अर्बौं डलरको लगानी गर्दै उनीले घरेलुस्तरमा जलवायुलाई उच्च प्राथमिकता दिएका छन् ।

कोप-२८ शिखर सम्मेलनअघि केरीले आफ्ना चिनियाँ समकक्षी झि झेनहुआसँग विस्तारित वार्ता गरेका थिए । उनीहरूले विश्वका सबैभन्दा दुई ठूला हरितगृह ग्यास उत्सर्जक आ-आफ्ना मुलुकले दुबईमा प्रगतिका लागि मिलेर काम गर्ने वाचा गरेका थिए । *रासस⁄एएफपी*

# दक्षिण कोरियामा न्यून जन्मदरको प्रभाव

## आगामी ३० वर्षमा युवा जनसंख्या आधा हुने



**सोल–** तीव्ररूपमा बढिरहेको बढ्दो उमेरको जनसंख्या र कीर्तिमानीरूपमा कम हुँदै गएको न्यून जन्मदरका कारण आगामी ३० वर्षमा दक्षिण कोरियाली युवाहरूको संख्या आधा हुने अपेक्षा गरिएको मुलुकको तथ्यांक निकायले सोमबार बताएको छ ।

तथ्यांक कोरियाका अनुसार सन् २०२० मा १९ देखि ३४ वर्ष उमेर समूहको संख्या कूल जनसंख्याको २०.४ प्रतिशत अर्थात् एक करोड दुई लाख १३ हजार थियो । यो उमेर समूहको संख्या सन् १९९० मा एक करोड ३८ लाख ४९ हजारबाट सन् २००० मा एक करोड २८ लाख ८३ हजार र सन् २०१० मा एक करोड नौ लाख ६७ हजार भएपछि सन् २०५० मा यो संख्या घटेर ५२ लाख १३ हजार हुने अनुमान गरिएको छ ।

सन् २०५० मा कूल जनसंख्यामा युवाहरूको प्रतिशत घटेर ११ प्रतिशत हुने अनुमान गरिएको छ । कूल प्रजनन दर अर्थात् एक महिलाद्वारा उनको जीवनकालमा जन्माउने शिशुको औसत संख्या तीव्ररूपमा बढ्दो जनसंख्याका बीच सन् २०२२ मा ०.७८ को न्यूनस्तरमा पुगेको छ ।

कूल युवा जनसंख्यामा अविवाहित युवाहरूको प्रतिशत पाँच वर्षअघिको ७५ प्रतिशतबाट बढेर सन् २०२० मा ८१.५ प्रतिशत भएको छ । यो आँकडा सन् २००० मा ५४.५ प्रतिशतबाट तीव्ररूपमा बढेर सन् २००५ मा ६३.२ प्रतिशत र सन् २०१० मा ६८.९ प्रतिशत भएको छ ।

कूल युवा महिलाहरूमा आर्थिरूपमा सक्रिय युवा महिलाहरूको अनुपात सन् २००० मा ४२.३ प्रतिशतबाट बढेर सन् २०१० मा ५५.२ प्रतिशत र सन् २०२० मा ६१.१ प्रतिशत भएको छ ।

आर्थिकरूपमा सक्रिय युवा पुरुषहरूको प्रतिशत सन् २००० मा ६६ प्रतिशतबाट घटेर सन् २०१० मा ६४.७ प्रतिशत र सन् २०२० मा ६३.९ प्रतिशतमा झरेको छ । *रासस⁄सिन्ह्वा*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY SERVICES U.A.E(LLC)

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ | LT. No. 276509 | चलानी नं. ६०१९२०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 12 | 800 | २८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 50 | 0 | 1200 | ४२,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHCENTIAL SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/03/२3 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ | LT. No. 266939 | चलानी नं. ६०१८२९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 258 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN FAL COMPANY CLOSED JOINT STOCK

पूर्व स्वीकृति मिति २०८०/०५/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ | LT. No. :291249 | चलानी नं. ६०२०६४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

कम्पनी : DA'AEM ALMUTAWEARAH COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०८/०५ | LT. No. : 295239 | चलानी नं.: ६०२१०२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 10 | 0 | 1200 | ४२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९/२०/२१ गते (5/6/7 Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADH INTERNATIONAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०७ | LT. No. 295196 | चलानी नं. ६०२१०६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा रोजगारको अवसर

कम्पनी : MAXON TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति २०८०/04/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/११ | LT No.289638 | चलानी नं. ६०२०४८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PINK PEARL TRADING,CONTRACTING & DECORATION

पूर्व स्वीकृति मिति: २०८०/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT No :286002 | चलानी नं. ६०२०१४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 21 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 3 | LABOUR | 2 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | MANAGER | 1 | 0 | 6500 | २३५,८८९ | | | | | | | |

कम्पनी : CORE CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/04/10 | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 289900 | चलानी नं. ६०२०५२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | General Clean Worker | 7 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ३६,३०० | | | | | | | |

कम्पनी : LAPILA VITA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति २०७९/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०८/११ | LT. No. 265709 | चलानी नं. ६०१८१७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ६१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 5 | 150 | ६१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर १९ गते (5th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११७४०० | प्रति तोला – ११६८५० | प्रति तोला – १५०० |



**एक किलोको ड्रागनफ्रुट** | चितवनको भरतपुर महानगरपालिका–७ का शम्भु सुवेदीले आफ्नो बारीमा फलेको एक केजी ६४ ग्रामको ड्रागन टिप्दै । सुवेदीले दुई बिघा जमिन भाडामा लिएर व्यावसायिक रूपमा ड्रागन खेती गर्दै आएका छन् । *तस्बिरः कृष्ण आचार्य/रासस*

# सामाजिक सुरक्षा कोषमा ४५ अर्ब जम्मा

## पूर्वाधार विकासमा लगाउन निजी क्षेत्रको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रले सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम उत्पादनमूलक र पूर्वाधार विकासको क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

छैटौं सामाजिक सुरक्षा दिवसका अवसरमा कोषले सोमबार काठमाडौंमा गरेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले रोजगारी सिर्जना हुने क्षेत्रमा कोषको रकम परिचालन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कोषमा अहिले ४४ अर्ब ८६ करोड १४ लाख रूपैयाँ छ । ९ लाख ३० हजार ८४४ योगदानकर्ताले ५ वर्षको अवधिमा कोषमा रकम जम्मा गरेका हुन् । उनीहरूले जम्मा गरेको रकममध्ये ६ अर्ब ४५ करोड रूपैयाँ औषधि उपचार, अवकाश लगायत शीर्षकमा योगदानकर्तालाई भुक्तानी गरेको छ । यस्तै १ अर्ब ७५ करोड रूपैयाँ योगदानकर्तालाई सापटी दिएको छ ।

कोषले योगदानकर्ताले जम्मा गरेको रकमको ठूलो हिस्सा बैंकको मुद्दती निक्षेपमा राख्दै आएको छ । महासंघका अध्यक्ष ढकालले ५ वर्षमा आवद्ध हुनेको संख्या उत्साहप्रद रहेको भन्दै कोषमा जम्मा भएको रकम रोजगारी सिर्जना हुने क्षेत्रमा लगानीको व्यवस्था गरिनुपर्ने बताए ।




'यो फन्डलाई परम्परागतरूपमा फिक्स डिपोजिटमा राख्नुभन्दा रोजगारी सिर्जना गर्ने उत्पादनमूलक र पूर्वाधार विकासको क्षेत्रमा लगानी गर्ने गरी कार्यविधि संशोधन गरौं,' उनले भने । परिसंघका अध्यक्ष अग्रवालले पनि कोषको रकम उत्पादनशील र पूर्वाधारको क्षेत्रमा परिचालन गरे त्यसले अर्थतन्त्रको विकासमा सहयोग पुग्ने बताए ।

चेम्बरका अध्यक्ष मल्लले मुद्दती निक्षेपमा राखेर ब्याज खानेभन्दा पुँजीलाई चलायमान बनाउनुपर्नेमा जोड दिए । 'पूर्वाधार विकास र जलविद्युतमा लगानी गरौं । पुँजी चलायमान बनाऔं । रोजगारदाता र योगदानकर्तालाई थप प्रोत्साहित गर्ने कार्यक्रम पनि चाहियो,' उनले भने ।

कोषले औपचारिक क्षेत्रका श्रमिकका लागि २०७६ साउन १, वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि २०७९ चैत ८ र अनौपचारिक क्षेत्रका श्रमिकका लागि २०८० साउन ३१ देखि सामाजिक सुरक्षा कार्यक्रम सुरु गरेको थियो । औपचारिक क्षेत्रतर्फ अहिलेसम्म ४ लाख ६२ हजार ४०८ र वैदेशिक रोजगारीतर्फ ४ लाख ६८ हजार ४७१ श्रमिक कोषमा आवद्ध भएका छन् ।

कोषमा कार्यकारी निर्देशक कविराज अधिकारी कोषमा आवद्ध योगदानकर्तालाई नियमित रूपमा योगदान जम्मा गर्न लगाउनु कोषमा लागि चुनौती भएको बताए । उनका अनुसार खासगरी रोजगारदाताले नियमितरूपमा योगदान जम्मा गरिरहेका छैनन् । उनले कोषमा जम्मा भएको रकम जलविद्युतको क्षेत्रमा लगानी गर्ने गरी कार्यविधि संशोधनको तयारी गरिरहेको जानकारी दिए ।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले कोषमा आवद्ध हुन रोजगारदातालाई आग्रह गर्दै योगदानकर्ताका परिवारका सदस्यलाई पनि स्वास्थ्य उपचारको सुविधा दिने व्यवस्था गर्न लागेको बताए ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन दोहोरो अंकले घटेको छ । आज नेप्से परिसूचक ११ दशमलव २७ अंकले घटेर एक हजार आठ सय ९६ दशमलव ६७ को बिन्दुमा कायम भएको छ ।

दुई सय ९० कम्पनीको ६० लाख १७ हजार तीन सय ९७ कित्ता सेयर ५२ हजार चार सय ८० पटक खरिद बिक्री हुँदा रू एक अर्ब ७५ करोड ४७ लाख ५० हजार सात सय ५५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन समूह शून्य दशमलव २५, लगानी समूह शून्य दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव ०१ र व्यापार समूह शून्य दशमलव ३७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै घट्नेमा जीवन बीमा समूह शून्य दमलव ८९ र बैंकिङ समूह शून्य दशमलव ८४ प्रतिशतले घटेको छ ।

अपर स्याङ्गी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य आठ दशमलव ०४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू सात करोड ७७ लाख ६३ हजार पाँच सय ८५ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक प्रमोटर सेयर चार लाख ९७ हजार तीन सय ६९ कित्ता किनबेच भएको छ ।

## कर्पोरेट

### महालक्ष्मी स्वस्तिक बगैंचा निर्माणका लागि सहमति




**ललितपुर (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडले ललितपुर महानगरपालिका वडा नं ५, महालक्ष्मीस्थान, महालक्ष्मी मन्दिरमा अवस्थित महालक्ष्मी स्वस्तिक बँगैचाको मर्मत कार्यको लागि महालक्ष्मीस्थान व्यवस्थापन समितिसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ । महालक्ष्मी मन्दिर परिसरको प्राकृतिक सौन्दर्यलाई अभिवृद्धि गर्नुका साथै मन्दिरमा दशर्न गर्न आउने दर्शनार्थीहरूलाई स्वच्छ तथा शान्त वातारणको अनुभूति प्राप्त गर्न मद्दत पुर्‍याउने उद्देश्यले बैंकले उक्त बगैँचा मर्मत गर्नका लागि उक्त सम्झौता गरेको हो ।
बैंकले २०७७ सालमा बँगैचाको पुनः निर्माण गर्नुका साथै निरन्तर मर्मत कार्य गर्दै आईरहेको छ । बैंकले इच्छुक दर्शनार्थीहरूलाई मन्दिरमा डिजिटल दान/भेटी प्रदान गर्न सहजता पुर्‍याउने हेतुले क्युआर कोडको व्यवस्था गरेको छ । महालक्ष्मीस्थान व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम ढुङ्गाना र बैंकको निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख बसन्त बक्सीले समझदारी पत्रको आदानप्रदान गरेका थिए ।

आगामी दिनहरूमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ । विगत देखि नै ग्राहक महानुभावहरूको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिवद्ध रहिआएको यस बैंकले आम ग्राहक महानुभावहरूको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै अझै थप गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता जनाएको छ ।

### ग्लोबल आइएमईको ३५१औँ शाखा बैतडीको पाटनमा

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले बैतडी जिल्ला, पाटन नगरपालिका वडा नं. ६ स्थित पाटनबजारमा मिति २०८० मंसिर १० गते आइतबारदेखि बैंकको नयाँ शाखा सञ्चालनमा ल्याएको छ । पाटन नगरपालिकाका नगर प्रमुख गौरी सिंह रावलले एक समारोहबिच बैंकको पाटन शाखाको उद्घाटन गरे ।

नयाँ शाखाको सञ्चालनसँगै बैंकको शाखा कार्यालयहरूको संख्या ३५१ पुगेको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५१ शाखा, ३६९ एटीएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६६ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा




वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाख भन्दा बढी ग्राहकहरूमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोरहलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक